# खप्तड छेडेदह गाउँपालिका

# बाजुरा

## राजश्व सुधार योजना

प्रतिवेदन पेश गरिएको कार्यलय

**प्रादेशिक सुशासन केन्द्र, पुन्ना ,डोटी**

**र**

**खप्तड छेडेदह गाउँपालिका, बाजुरा**

प्रतिवेदन पेश गर्ने संस्था

**सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट**

**रुपन्देही**

मिति : २०७८ आषाढ १४

# विषयसुची


| परिच्छेद | शिर्षक | पेज |
|---|---|---|
| १ | राजश्व सुधार कार्ययोजनाको परिचय | १ |
| २ | नगरपालिकाको संक्षिप्त परिचय | ५ |
| ३ | स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता | २२ |
| ४ | आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था | ३१ |
| ५ | राजस्व सुधार कार्ययोजना | ३५ |
| ६ | आगामी तीन वर्षको आय प्रक्षेपण | ३९ |
| ७ | निष्कर्ष तथा सुझाव | ४२ |
| | कार्यक्रम तस्विर | |
| | अनुसुचीहरु | |
| | उपस्थिति | |

परिच्छेद – १

# राजश्व सुधार कार्ययोजनाको परिचय

## १.१ पृष्ठभुमी

नेपालको संबिधान २०७२ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरिएको छ । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ। राज्यशक्तिको बाँडफाँट संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गरिदिएको छ। सोही धारामा संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारका क्षेत्रहरु तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ।

खप्तड छेडेदह गाउँपालिका वाजुराको मुख्य आय स्रोतमा संघिय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक कोष र राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन्। त्यसैगरी संविधानत प्राप्त अधिकार क्षेत्रबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व रहेका छन् । वार्षिक बजेटमा यस नगरपालिकाले आन्तरिक रुपमा उठाउने राजस्वको अनुपात न्यून रहेको छ । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट कर उठाउन सक्ने प्रावधान गरेको भए तापनि यथार्थमा यस्ता स्रोतहरुबाट यथेष्ट राजस्व उठाउन नसक्नु गाउँपालिकाले आन्तरिक स्रोतबाट कम राजस्व परिचालन गर्नुको एक कारण हो । अर्कोतर्फ, राजस्व उठाउन सकिने संभावना रहेका क्षेत्रहरु बाट पनि नगरपालिकाले राजस्व उठाउन सकिरहेको छैन ।

आन्तरिक आयका श्रोतहरुको सम्भावनाको सम्बन्धमा अध्ययन गरी राजश्व सुधार कार्ययोजना सहितको प्रतिवेदन मार्फत राजश्व परामर्श समितिलाई राजस्व अवस्थामा सुधार गर्न तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुर्‍याउने उद्देश्यकासाथ **प्रदेश सुशासन केन्द्र डोटीको** आर्थिक सहयोग तथा विज्ञ संस्था **सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट**, रुपन्देहीको प्राविधिक सहयोगमा खप्तड छेडेदह गाउँपालिका वाजुराले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको छ। यस प्रतिवेदनमा खप्तड छेडेदह गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपणसमेत गरिएको छ। यस राजस्व सुधार कार्ययोजनाले खप्तड छेडेदह गाउँपालिको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा आगामी वर्षहरूको बजेट तयार गर्न आधार बन्ने विश्वास लिइएको छ। यस प्रतिबेदनमा मुख्यतया निम्न विषय वस्तुहरूलाई समेट्ने प्रयास गरिएको छ।

प्रतिवेदनमा समेटिएका विषयवस्तुहरु

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. खप्तड छेडेदह गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ। स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी

जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पर्णुरुपमा परिचालन गर्न सकिरहेका छैनन ्। यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

खप्तड छेडेदह गाउँपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

### १.३ कार्ययोजनाको उद्देश्य

खप्तड छेडेदह गाउँपालिकाको राजश्व सुधार कार्य योजना तयारी गर्नुको मुलभूत उद्देश्य नगरपालिकाको आन्तरिक आयको विधमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपण रहेको छ भने यस कार्ययोजना तयार गर्नुका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा निर्काचित जनप्रतिनिधिहरु, राजश्व परामर्श समितिका सदस्यहरु, कर्मचारीहरु तथा सराकारवालाहरुलाई राजश्व सुधार कार्ययोजनाको बारे अभिमुखिकरण गर्ने ।
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- आन्तरिक आयको बृद्धिदर तथा कुल आयमा आन्तरिक आयको हिस्साको बृद्धिदरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- खप्तड छेडेदह गाउँपालिकाकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।

### १.४ सुचना संकलन तथा कार्यशाला सञ्चालन विधि तथा प्रक्रियाः

कार्ययोजना तयारी गर्ने कार्यकालागि बर्तमान कोभिड-१९ को महामारीलाई मध्यनजरगरी सुरक्षको मापदण्ड अप्नाउदै खप्तड छेडेदह गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरु सहितको सहभागितामा अभिमुखिकरण कार्यक्रम तथा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । यसकासाथै अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफलजस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । खप्तड छेडेदह गाउँपालिकाको वेवसाईटमा उपलब्ध सुचना तथा बार्षिक प्रतिबेदनहरु लगायत टेलिफोन सम्पर्क तथा बिबिध प्रबिधिहरुको प्रयोग गरी सुचना तथा तथ्यांकहरु संकलन गरी प्ररम्भिक प्रतिबेदन तैयारगरी प्रादेशिक सुशासन केन्द्र डोटीमा पेश गरिएको थियो भने प्रतिवेदनका लागि आवश्यक सूचना बिज्ञ संस्थाबाट खटिएका कर्मचारीहरुले खप्तड छेडेदह गाउँपालिकाको कार्यालयमा रहेका बिभिन्न शाखा जस्तै राजस्व शाखा, लेखा शाखा लगायत अन्य शाखा तथा एकाईहरुबाट संकलन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित कार्यबिधि समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । खप्तड छेडेदह गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

सन्दर्भ सामाग्रीहरुको संकलन तथा अध्ययन, तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरी बिज्ञहरुको टोली खप्तड छेडेदह गाउँपालिकाको प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रमकालागि मिति २०७८/०३/०७ मा छेडेदह गाउँपालिकामा पुगी राजश्व सम्बन्धी अर्न्तकृया तथा अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमुखिकरण पश्चात नगरपालिकाका कर्मचारी, राजश्व परामर्श समितिका सदष्यहरु, जन प्रतिनिधि र अन्य सरोकार वालाहरुसंगको छलफल र अन्तर्वार्ता गरियो । यसका साथै गाउँपालिका राजश्व संग सम्वन्धीत द्बितिय श्रोतका तथ्याङ्क संकलन गर्ने र राजश्वका संभावित क्षेत्रहरु समेत अवलोकन गर्ने कार्य गरियो । सो कार्यक्रममा राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धी भएका कानुनी प्राबधानका बारेमा छलफल तथा अभिमुखिकरण गरिनुकासाथै अध्ययन कार्यको उद्देश्य, विधि, तथ्यांक संकलनका क्षेत्र तथा स्रोतहरु, अध्ययन प्रतिवेदन आदीका बारेमा समेत जानाकारी गराई सरोकारवाला पक्षहरुबाट आवश्यक सुझाव तथा सरसल्लाह लिइएको थियो । कार्यक्रमको अन्त्यमा तथ्याङ्क तथा सूचना संकलनकाफारमको बारेमा समेत छलफल गरी तथ्यांक संकलनकालागि आवश्यक व्यबस्था मिलाइएको थियो

उक्त छलफलमा गाउँपालिकाले राजस्व वृद्धिमा यथोचित ध्यान दिन नसकेको, सम्भाव्य सबै क्षेत्रमा राजस्व संकलन गर्न नसकिएको परिवेशमा राजस्व सुधार कार्ययोजनाले कर तथा गैरकरको दर तथा दायरा सम्बन्धमा यथाथपरक विश्लेषण गरी नगरपालिकाको कुल राजस्वको संभाबित आकार पहिचान गरी राजस्वका दर तथा दायराहरुलाई बर्तमान अवस्था सान्दर्भिक बनाउन सक्ने राय व्यक्त गरिएको थियो ।

### १.४.४ तथ्यांक/सूचना संकलन तथा बिश्लेषण

तथ्यांक संकलन काकोलागि अभिमुखिकरण कार्यक्रममा प्रदान गरिएका ढाँचा तथा फारम (अनुसुचिमा राखिएको) अनुसार आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । साथै राजश्व संकलन सम्बन्धीत अन्य द्बितिय स्रोतका तथ्यांक तथा जानाकारीहरु समेत संकलन गरिएको थियो । अध्ययनका क्रममा विशेष गरि नगर क्षेत्रमा रहेको घर तथा जग्गाको विवरण, नगरपालिकाको स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक सम्पत्ती, गाउं क्षेत्रमा रहेका सवारी साधनको विवरण, नगरपालिकाले निर्माण गरेको वा हस्तान्तरण भै आएको सडक र त्यसमा गुड्ने सवारी विवरण, खप्तड छेडेदह गाउँपालिकामा क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण, नगरपालीकाले उपलब्ध गराउने विभिन्न सेवाहरुको विवरण संकलन गरिएको

थियो । साथै राजस्व प्रशासन तथा सूचना प्रवाह सम्बन्धी विवरण, गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरणहरु, चालु वर्षको आर्थिक ऐन तथा बजेट, गाउँपालिकाको वस्तुगत विवरण, कर्मचारी विवरण तथा संगठन संरचना (Organogram) आन्तरिक आय संकलनको अवस्था, संभाब्य स्रोत र क्षेत्र तथा सभाबाट स्विकृत दर सम्बन्धी विस्तृत विवरण एवं आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरिएको थियो ।

विभिन्न स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई कम्प्युटर प्रवृष्टि गरि आवश्यकता अनुसार विभिन्न बिधिहरुको प्रयोगगरी बिश्लेषण गरिएको छ । उपरोक्त विधिद्धारा विश्लेषण गरि प्राप्त जानाकारीहरुलाई व्यवस्थित रुपमा आवश्यकता अनुशार तालिकाबद्ध तथा अन्य सरोकार पक्षहरु बाट प्राप्त सुझाव तथा सल्लाहहरु समेत समावेश गरीएको छ ।

### १.४.५ राजश्व सुधार कार्ययोजना तैयारी कार्यशाला गोष्ठी

खप्तड छेडेदह गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तैयारी गोष्ठी खप्तड छेडेदह गाउँपालिकाकाको सभाहलमा मिति २०७८/०३/०८ गतेका दिन संचालन गरिएको थियो । कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदातृ संस्था सेन्टर फर गुड गर्भनेन्स एण्ड  डेभलपमेन्ट म्यानेजमेन्ट रुपन्देहीका तर्फबाट बिषय बिज्ञ श्री झंकर कुवरले स्थानीय तहको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता र औचित्यका साथै कर तथा गैरकरका सैद्धान्तिक र व्यवहारिक विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरण सत्र सम्पन्न भएपश्चात कोरोनाको बर्तमान अबस्थालाई ध्यानमा राखी स्वस्थ्य मापदण्ड अपनाउदै सहभागीहरु बिच राजस्व सुधार कार्ययोजनाका आधारभूत विषयवस्तुमा छलफल गरीएको थियो । छलफल बाट आएका राय सुझाबहरुलाई यस प्रतिबेदनमा अभिलेखिकरण गरिएको छ ।

कार्यशाला समापनको अवसरमा गाउंपाकि अध्यक्ष श्री नगर वहादुर ले राजश्व सुधार कार्ययोजना तर्जुमाबाट खप्तड छेडेदह गाउँपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागी सबै र प्रदेश सुसाशन केन्द्रलाई समेत धन्यवाद व्यक्त गर्नु भएको थियो ।

### १.४.६ मस्यौदा कार्ययोजना पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा आवश्यक सुझाव तथा सल्लाहका लागि खप्तड छेडेदह गाउँपालिकाका तथा प्रदेश सुसाशन केन्द्र पुन्ना डोटीमा पेश गरिएको थियो । प्राप्त सुझाबहरुलाई समाबेशगरी प्रतिबेदनको अन्तिम मस्यौदामा तैयार गरी सम्वन्धित निकायमा पेश गरिएको थियो ।

### १.४.७  कार्ययोजना लाई अन्तिम रुप प्रदान

उल्लेखित मस्यौदा प्रतिवेदनमाथि विभिन्न सरकोवाला पक्षहरुबाट प्राप्त सल्लाह तथा सुझावहरु समावेश गरि राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरि खप्तड छेडेदह गाउँपालिकाका तथा प्रदेश सुशासन केन्द्र डोटी समक्ष पेश गरिएको छ ।

# परिच्छेद – २
# गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

## २.१ गाउँपालिकाको परिचय

खप्तड छेडेदह गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्रका रुपमा रहेको छ । नामाकरण सन्दर्भमा सुदुर पश्चिमकै सुन्दर भूमिका रुपमा प्रसिद्ध खप्तड राष्ट्रिय निकुञ्ज र वडा नं. ४ र ७ को विच मा  रहेको छेडेदहको नामबाट नामाकरण भएको देखिन्छ । खत्तड राष्ट्रिय निकुञ्ज अछाम, डोटी, बाजुरा र बझाङ जिल्लाको २२५ व.किमि क्षेत्रमा फैलिएको छ ।  खप्तड बाबाको तपोभूमिका रुपमा रहेको यस निकुञ्ज उच्च पहाडी जैविक विविधताकेको क्षेत्र हो । डाँफे, मुनाल, कस्तुरी, मृग, चिनुवा, भालु लगायतका दुर्लभ बन्यजुन्तु यस क्षेत्रमा पाइन्छ । गाउँपालिकाको वडा नं४र. ७ को डाँडामा अवस्थित छेडेदह ताल प्राकृतिक रुपमा सुन्दर ताल हो । यी दुवै प्राकृतिक सम्पदाको नामको संयोजनबाट गाउँपालिकाको नामाकरण भएको हो ।

सुदुरपश्चिम प्रदेशको बाजुरा जिल्लामा अवस्थित यो गाउँपालिकामा ७ वडाहरु रहेका छन् । बाजुरा जिल्लामा विद्यमान ४ नगरपालिका र ५ गाउँपालिका गरी ९ स्थानीय तह मध्ये यो गाउँपालिका एक हो । गाउँपालिकाको केन्द्र साविक डोगडी गाविसको कार्यालय रहेको स्थानमा रहेको छ । पूर्ववत रुपमा नेपालको सूदुरपश्चिम विकास क्षेत्रमा पर्ने सेती अञ्चलमा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लाकै एउटा मात्र निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्र मध्ये प्रदेश क अन्तरगत पर्दछ ।




## २.२ गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, राजनीतिक अवस्थीती

### भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिका हिसाबले खप्तड छेडेदह गाउँपालिका २९ डिग्री २० मिनेट २५ सेकेण्ड देखि २९ डिग्री २७ मिनेट ३५ सेकेण्ड उत्तरी अक्षांश र ५१ डिग्री ८१ मिनेट ३० सेकेण्ड देखि ८१ डिग्री २५ मिनेट १० सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । बाजुरा जिल्लाको जिल्लाको दक्षिण पश्चिम भागमा रहेको यस गाउँपालिकाको पूर्वमा बडीमालिका नगरपालिका, दक्षिणमा बुढीगंगा नगरपालिका र अछाम जिल्ला, पश्चिममा बझाङ् जिल्ला र उत्तरमा गौमुल गाउँपालिका पर्दछ । कूल क्षेत्रफल १३७.५१ वर्ग किमि रहेको खप्तड छेडेदह गाउँपालिकाको वडागत क्षेत्रफल विवरण देहाय बमोजिम रहेको छ ।

***वडागत क्षेत्रफल***

| वडा नं. | समावेश साविक गाविस र वडा | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | काँडा (१-९) | १७.५७ | १३.७८ |
| २ | जयबागेश्वरी (१-९) | २१.६२ | १६.९६ |
| ३ | गुदुखाती (१ ,४ र ५) | १२.७८ | १०.०२ |
| ४ | गुदुखाती (२, ३, ६ ७, ८ र ९) | ९.७३ | ७.६३ |

| वडा नं. | समावेश साविक गाविस र वडा | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| ५ | डोगडी (१-९) | २७.०३ | २१.२० |
| ६ | आटिचौर (६-९) | १८.९१ | १४.८३ |
| ७ | आटिचौर (१-५) | १९.८९ | १५.६० |
| | **जम्मा** | **१३५.०३** | **१००** |

*श्रोतः गाउं प्रोफाईल, २०७५*

**प्राकृतिक सम्पदा र भूउपयोग**

गाउँपालिकाको दक्षिणी भूभागमा खप्तड राष्ट्रिय निकुञ्ज रहेको छ। छेडेदह, कोइरेली दह, गुदुगाड समैजी गाड, खागडा, बार्मु गाड, घट्टे खोला, छडी खोला, कर्कले खोला जस्ता ताल तथा खोलाहरु रहेका छन्। सामुदायिक वनले गाउँपालिकाको महत्वपुर्ण क्षेत्रलाई ओगटेको छ। कुल क्षेत्रको करीब ५२.३७ प्रतिशत वनक्षेत्र, ४८.९३ प्रतिशत जमिन खेति गरिएको जमिन, २० प्रतिशत झाडी बुट्यान, ७.९२ प्रतिशत भुभाग घाँसे मैदान वा चरण क्षेत्र रहेको छ। सिंचाइ र खानेपानीको मुख्य श्रोतको रुपमा नदि र नदिको आधार क्षेत्र नै रहेको छ। जैविक विवधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव डाँफे, कालिज, कस्तुरी, मृग, चितुवा, भालु मुख्य रुपमा रहेका छन्। पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन्। यस गाउँपालिकाको उत्तरमा देखिने रमणिय हिमाली श्रृखलाहरुले यहाँको सुन्दरता बढाएको छ।



## साँस्कृतिक अवस्था

सूदुरपश्चिमी साँस्कृतिक विशेषता बोकेको यस क्षेत्रमा क्षेत्री, ब्राम्हण, दलित जातीको मिश्रीत बसोवास रहेको छ । यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा नेपाली र बाजुरेली रहेको छ। धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरुको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइले चाडपर्वहरुमा गौरा, जनैपुर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा नाचिने डेउडा नाचले सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा दैरा, सुरवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् । यस गाउँपालिकाको छेडेदह, लसक्याचौर, विर्जयामाण्डु, मल्लेखीमाण्डु, जीउलेखमाण्डौं, छटालमाण्डौं, मष्टामाण्डौं जस्ता ऐतिकासिक तथा धार्मिक क्षेत्रहरु रहेका छन् ।

## धार्मिक तथा ऐतिहासिक स्थलको विवरण

गाउँपालिका क्षेत्रमा धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका ९ वटा स्थलहरु रहेका छन् । सामुदायिक स्वामित्वमा रहेका यस्ता धेरैजसो स्थलहरुमा हालसम्म सडक सुबिधा नपुगेको देखिन्छ भने यी स्थलको भ्रमण गर्न वार्षिक करिब ४४० जना पर्यटकहरुको आगमन हुने गरेको पाइन्छ। यस्ता स्थलहरुको नाम, सडक पहुँचको अवस्था, स्वामित्व, नजिकको बजार र विषेशता सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

***धार्मिक तथा ऐतिहासिक स्थलको विवरण***

| स्थलको नाम | वडा नम्बर | भौतिक पूर्वाधार | | | स्वामित्व | विशेषता | बार्षिक पर्यटक आगमन संख्या |
|---|---|---|---|---|---|---|---|
| | | सडकको पहुँच | होटल, लज, रेष्टुराँ संख्या | नजिकको बजार केन्द्र सम्मको दुरी (किमी) | | | |
| लसक्या चौर | १ | नपुगेको | - | १४ | सामुदायिक | धार्मिक | ४० |
| विर्जया माण्डु | २ | नपुगेको | - | ८ | सामुदायिक | धार्मिक | २५० |
| जीउलेखमाण्डौ | ४ | नपुगेको | - | ०.५ | सामुदायिक | धार्मिक | |
| दौनागीरी | ४ | नपुगेको | - | ०.७ | सामुदायिक | धार्मिक | |
| गल्लेखी माण्डु | ५ | नपुगेको | - | ६ | सामुदायिक | धार्मिक | १५० |
| छटालमाण्डौ | ६ | नपुगेको | - | | सामुदायिक | धार्मिक | |
| राउते गिनी | ६ | नपुगेको | - | | सामुदायिक | धार्मिक | |
| मुस्टा माण्डौ | ७ | नपुगेको | - | | सामुदायिक | धार्मिक | |
| कैलास/धलपुरा | ७ | नपुगेको | - | | सामुदायिक | धार्मिक | |
| **जम्मा** | | | | २९.२ | | | ४४० |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

प्राकृतिक तथा पर्यटकीय सम्पदा

| स्थलको नाम | वडा नम्बर | विशेषता | बार्षिक पर्यटक आगमन संख्या |
|---|---|---|---|
| लसक्या चौर | १ | धार्मिक | ४० |
| विर्जयामाण्डु | २ | धार्मिक | २५० |
| जीउलेखमाण्डौ | ४ | धार्मिक | |
| दौनागीरी | ४ | धार्मिक | |
| गल्लेखी माण्डु | छ | धार्मिक | ज्ञछण |
| छटालमाण्डौ | ट | धार्मिक | |
| राउते गिनी | ट | धार्मिक | |
| मुस्टा माण्डौ | ठ | धार्मिक | |
| कैलास/धलपुरा | ठ | धार्मिक | |

*स्रोतः गाउंपालिका पार्श्वचित्र २०७५*

## २. ३ आर्थिक अवस्था

### आवास माथीको स्वामित्वका आधारमा घरपरिवार विवरण

गाउँपालिका क्षेत्रमा रहेका कूल ३२३४ घरपरिवार मध्ये ९८.७९ प्रतिशत अर्थात ३१९५ घरपरिवार आफ्नै घरमा बस्ने गरेका छन् । त्यसैगरी, भाडामा बस्ने घरपरिवार संख्या ३५ र अन्य खालको स्वामित्व भएका घरमा वस्ते ४ रहेको छ । यस सम्बन्धी वडागत विवरणलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***आवास माथिको स्वामित्वका आधारमा घरपरिवार विवरण***

| वडा नं. | आवासीय स्वमित्वका आधारमा घरपरिवार विवरण | | | जम्मा |
|---|---|---|---|---|
| | आफ्नै | भाडा | अन्य | |
| १ | ५७८ | १ | ० | ५७९ |
| २ | ३८८ | २ | ० | ३९० |
| ३ | ४३२ | २ | ० | ४३४ |
| ४ | ४०० | ५ | ० | ४०५ |
| ५ | ६१९ | ९ | १ | ६२९ |
| ६ | ३५७ | ५ | १ | ३६३ |

| वडा नं. | आवासीय स्वमित्वका आधारमा घरपरिवार विवरण | | | जम्मा |
|---|---|---|---|---|
| | आफ्नै | भाडा | अन्य | |
| ७ | ४२१ | ११ | २ | ४३४ |
| **जम्मा** | **३१९५** | **३५** | **४** | **३२३४** |
| **प्रतिशत** | **९८.७९** | **१.०८** | **०.१२** | **१००** |

*स्रोत: स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

**मुख्य पेशा सम्बन्धी विवरण**

यस क्षेत्रमा अबलम्बन गरिएका पेशा मध्ये सबैभन्दा बढि कृषि, वन तथा मत्स्य कामदारका रुपमा ७३६८ रहेको छ । दश वर्षभन्दा माथिको जनसंख्याको पेशागत स्थिति निहाल्दा सबैभन्दा न्यून अन्य खालका काम गर्ने ६ जना रहेका छन् । पेशा अनुसार जनसंख्या सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

***मुख्य पेशा सम्बन्धी विवरण***

| वडा नं | कृषि तथा पशुपालन | नोकरी | उद्योग तथा व्यापार | ज्याला/ मजदुरी | व्यवसायिक कार्य | वैदेशिक रोजगारी | विद्यार्थी (अध्ययनरत) | गृहणी | वेरोजगार | कम उमेर | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२०० | ६७ | ३६ | ६७ | ५ | ५०७ | ८५० | १४३ | ४३ | १०९० | ० |
| २ | १०८५ | ६४ | ११ | १८ | ८ | १५६ | ८३१ | ४५ | ४३ | ६०२ | १ |
| ३ | ९४७ | २२ | १३ | ४५१ | १० | ४० | ६५५ | १४ | ५ | ८४० | ० |
| ४ | ७६१ | ५९ | ४६ | ९४ | २ | २३० | ६५६ | ५२ | ३१ | ६७७ | ० |
| ५ | १४७५ | ११३ | ३९ | ४३ | ४० | ४२४ | ११०५ | ४८ | ९८ | ११९४ | ० |
| ६ | ९१४ | ४९ | ४२ | १५० | ६ | ९ | ५९४ | ३१ | ३३ | ६४४ | ५ |
| ७ | ९८६ | ११३ | ५४ | १७८ | ३ | १५ | ६९२ | २१ | ६ | ५३४ | ० |
| **जम्मा** | **७३६८** | **४८७** | **२४१** | **१००१** | **७४** | **१३८१** | **५३८३** | **३५४** | **२५९** | **५५८१** | **६** |
| **प्रतिशत** | **३३.२९** | **२.२०** | **१.०९** | **४.५२** | **०.३३** | **६.२४** | **२४.३२** | **१.६०** | **१.१७** | **२५.२१** | **०.०३** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

**उद्योग सम्बन्धी विवरण**

यस गाउँपालिका भित्र सञ्चालनमा रहेका २ वटा उद्योगहरु मध्ये एउटा सहकारीको स्वामित्वमा रहेको साना तथा एउटा निजी स्वामित्वको घरेलु उद्योग सञ्चालनमा रहेको देखिन्छ । उद्योगहरु रहेका स्थान, उत्पादन हुने वस्तु र उत्पादित वस्तुबाट हुने वार्षिक आम्दानी सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

***उद्योग सम्बन्धी विवरण***

| उद्योगको नाम | वडा नम्बर | उद्योगको स्वामित्व | उद्योगको प्रकार | प्रत्यक्ष रोजगारी जना | | | उत्पादन हुने वस्तु र सेवाको नाम | उत्पादित वस्तु र सेवा बाट भएको बार्षिक आम्दानी (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | | |
| जडी बुटी प्रसोधन | १ | सहकारी | साना | | | | जटी बुटी | ( |
| अल्लो तथा हेम्पो | ४ | निजी | घरेलु | | | | अल्लो प्रशोधन | ४० |
| **जम्मा** | | | | **ण** | **ण** | **ण** | | **४०** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

### खनिज तथा खानी सम्बन्धी विवरण

यस गाउँपालिकामा खनिज तथा खानी उपलब्धताको सन्दर्भमा हेर्दा १, २ र ३ वडाहरुमा स्लेट तथा खरी खानी उपलब्ध रहेको देखिन्छ। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ।

***खनिज तथा खानी सम्बन्धी विवरण***

| वडा नम्बर | खनिजको नाम | पाइने स्थान |
|---|---|---|
| १ | स्लेट खानी | काँडा |
| २ | खरी खानी | जयावगेश्वरी |
| ३ | स्लेट खानी | धनाल्त |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

### मुख्य व्यापारिक केन्द्रहरू

गाउंपालिकामा रहेका मुख्य व्यापारीक केन्द्रहरु यसप्रकार रहेका छन्।

- डोगडी वजार वडा ५
- सुर्का वजार वडा ७
- हाटवजार वडा नं. ४
- मालभ
- जयवागेश्वरी वजार वडा नं. २

## २.४ भौतिक पुर्वाधारको अवस्था

### सडक मार्ग/सञ्जालको विद्यमान अवस्था

यस गाउँपालिका क्षेत्रमा रहेका सडक सञ्जालको कुल लम्बाई ३७ किलोमिटर रहेको छ। यहाँ रहेका सडक खण्ड मध्ये सबैभन्दा लामो घटालेश्वरी हुदीर पानी सडकको करिब ११ किलोमिटर लामो रहेको छ भने यी सडकहरुबाट लाभान्वित हुने जनसंख्या करिब ७२६० रहेको पाइन्छ। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ।

***सडक मार्ग/सञ्जालको विद्यमान अवस्था***

| वडा नम्बर | सडकको नाम | जोडिने वस्तीहरु | | लम्बाई (कि.मि.) | प्रकार |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | | | | | |
| २ | विर्जयामाण्डु सडक | माटेशागु | गाज्रा | ६ | कच्ची |
| ३ | डोगडी सडक | डोगडी | गुदु | ४ | कच्ची |
| ४ | टुनीसैन चौर खातिगाऊँ | चौस्ला | खातिगाऊँ | ९ | कच्ची |
| ५ | आटे चौर सडक | आटे चौर | चौखुट्टे | ७ | कच्ची |
| ६ | घटालेश्वरी हुदीर पानी सडक | आटी चौर | पाटा | ११ | कच्ची |
| **जम्मा** | | | | **३७** | |

*स्रोतः गाउंपालिका पार्श्वचित्र २०७५*

### घरको जगको आधारमा घरपरिवार

गाउँपालिका क्षेत्रमा रहेका घरहरु जगको आधारमा हेर्दा सबै भन्दा उच्च संख्यामा ढुंङ्गा, इटा र माटो प्रयोग भएका घरमा बस्ने घरपरिवार ९८.३६ प्रतिशत रहेको छ भने काठको खम्बा भएको घरमा बस्ने घरपरिवार संख्या ५ रहेको छ। यस सम्बन्धी विवरण देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

***घरको जगको आधारमा घरपरिवार***

| वडा नं. | घरको जगको आधारमा घरपरिवार | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो वा ढुङ्गा | सिमेण्ट वा ढुङ्गा | फ्रेम स्ट्रक्चर | लोड वेयरिङ्ग | काठको खम्बा | अन्य | जम्मा |
| १ | ५७२ | ५ | ० | ० | १ | १ | ५७९ |
| २ | ३८५ | ४ | ० | ० | ० | १ | ३९० |
| ३ | ४२७ | ५ | ० | ० | ० | २ | ४३४ |

| वडा नं. | घरको जगको आधारमा घरपरिवार | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माटो वा ढुङ्गा | सिमेण्ट वा ढुङ्गा | फ्रेम स्ट्रक्चर | लोड वेयरिङ्ग | काठको सम्बा | अन्य | जम्मा |
| ४ | ३९१ | १२ | ० | ० | ० | २ | ४०५ |
| ५ | ६२६ | ० | ० | ० | ० | ३ | ६२९ |
| ६ | ३५८ | २ | ० | ० | ३ | ० | ३६३ |
| ७ | ४२२ | ११ | ० | ० | १ | ० | ४३४ |
| **जम्मा** | **३१८१** | **३९** | **०** | **०** | **५** | **९** | **३२३४** |
| **प्रतिशत** | **९८.३६** | **१.२१** | **०.००** | **०.००** | **०.१५** | **०.२८** | **१००** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

### छानोको प्रकारका आधारमा घरपरिवार

गाउँपालिका क्षेत्रमा रहेका घरहरुलाई छानाको प्रकारका आधारमा हेर्दा सबै भन्दा उच्च संख्यामा टायल वा ढुङ्गाले छाएका घरहरुमा ४४.५० प्रतिशत घरपरिवार बस्ने गरेको देखिन्छ। सबै भन्दा न्यून संख्यामा काठको छाना भएको घरमा बस्ने घरपरिवार संख्या २ मात्र रहेको छ। यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

***छानोको प्रकारका आधारमा घरपरिवार***

| वडा नं. | फुस वा खरको छाना भएको | जस्ता/च्यादरको छाना भएको | टायल/ढुङ्गाको छाना भएको | आरसिसि ढलान भएको | काठको छाना भएको | माटोको छानो भएको | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | १८३ | ६ | ३८८ | १ | ० | ० | १ |
| २ | २३२ | १३ | १४४ | ० | ० | ० | १ |
| ३ | ९५ | ११ | ३२२ | ३ | ० | ० | ३ |
| ४ | ११० | ९० | २०३ | २ | ० | ० | ० |
| ५ | २१४ | १३१ | २८३ | ० | ० | ० | १ |
| ६ | २५८ | ५३ | ४९ | ३ | ० | ० | ० |
| ७ | ८० | २८७ | ५० | १४ | २ | ० | १ |
| **जम्मा** | **११७२** | **५९१** | **१४३९** | **२३** | **२** | **०** | **७** |
| **प्रतिशत** | **३६.२४** | **१८.२७** | **४४.५०** | **०.७१** | **०.०६** | **०.००** | **०.२२** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

### घरपरिवारले उपयोग गरिएको कोठा सम्बन्धी विवरण

गाउँपालिका क्षेत्र भित्र रहेका कूल घरपरिवार मध्ये एउटा मात्र कोठा भएको घरपरिवार संख्या ४८६ रहेको छ भने छ भन्दा बढी कोठा भएका घरपरिवार ४१४ रहेको छ । यस सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ ।

***घरपरिवारले उपयोग गरिएको कोठा सम्बन्धी विवरण***

| वडा नम्बर | १ कोठा हुने परिवार | २ कोठा हुने परिवार | ३ कोठा हुने परिवार | ४ कोठा हुने परिवार | ५ कोठा हुने परिवार | ६ कोठा भन्दा बढी हुने परिवार |
|---|---|---|---|---|---|---|
| १ | ३०४ | १९२ | २५ | १९ | ३ | १ |
| २ | ३४ | ८० | ७१ | ४३ | ६४ | ३० |
| ३ | ७ | ११० | ६९ | ५६ | ३८ | १५० |
| ४ | १६ | १३३ | १२२ | ७९ | १७ | ३४ |
| ५ | ४५ | २०५ | १५७ | ८६ | ४७ | ८७ |
| ६ | ७९ | १४३ | ४५ | ५६ | ६ | ३२ |
| ७ | १ | ७९ | ९४ | १३६ | ३५ | ८० |
| **जम्मा** | **४८६** | **९४२** | **५८३** | **४७५** | **२१०** | **४१४** |

*स्रोतः गाउंपालिका पार्श्वचित्र २०७५*

### सरकारी भवन

यस गाउँपालिकामा स्वास्थ्य चौकी, दलित महिला भवन, प्रहरी चौकी, जनजागरण सभा, महिला भवन जस्ता सरकारी कार्यालयहरुले सेवा प्रवाह गरिरहेका छन् । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

***सरकारी भवन***

| वडा नम्बर | भवनको नाम | भवन भएको टोलको नाम | कार्यालयको नाम | क्षेत्रफल (वर्ग मी.) | | अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | जग्गा | भवन | |
| ञ | काँडा स्वा चौकी | थुवालवाडा | स्वा चौकी | टण | द्द | ठिकै |
| २ | गाज्रा स्वा चौकी | गाज्रा | स्वा चौकी | २५ | १ | ठिकै |
| ३ | | | | | | |
| ४ | महिला दलित भवन | हाटवजार | महिला दलित | | | ठिकै |
| | नरेश भवन | हाटवजार | वन कार्यालय | १६० | | ठिकै |
| ५ | डोगडी स्वा चौकी | डोगडी | स्वा चौकी | २८ | २ | ठिकै |

| वडा नम्बर | भवनको नाम | भवन भएको टोलको नाम | कार्यालयको नाम | क्षेत्रफल (वर्ग मी.) | | अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | जग्गा | भवन | |
| | डोगडी प्रहरी चौकी | डोगडी | प्रहरी चौकी | २० | १ | ठिकै |
| ६ | | | | | | |
| ७ | जनजागरण स.भा. | सनाई वाडा | समुहको अफिस | | २ | ठिकै |
| | महिला भवन | आरीमाई | महिला भवन | २०० | २ | ठिकै |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

**फोहोरमैला व्यवस्थापन विवरण**

स्वास्थ्य तथा सरसफाईको सुचकांक फोहोरमैला व्यवस्थापनको सन्दर्भमा हेर्दा यस गाउँपालिका भित्र प्रति परिवार करिब ६०० देखि ४८०० किलोग्राम सम्म फोहोर बिसर्जन गर्ने गरेको देखिन्छ भने फोहोरमैला वर्गिकरण गरी घरभित्र विसर्जन गर्ने गरेको पाइदैन

झोलुंगे पुल

| वडा नम्बर | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडिने वस्तीहरु | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | कचाली गाउ | कचाला | काँडा | माटे शागु |
| | समैजि खोला | समेज | काँडा | अछाम |
| २ | खागडा | खागडा | काँडा | जयवागेश्वरी |
| ४ | गुदुगाड झो. पु | गुदुगाउ | मुडथापा | गुदुगाउ |
| | वोडग्याडी | वाजी गाउ | टुनिसैना | वेडुगाडी |
| ६ | जारखोला | जारखोला | सुदाडा | सुदाडा |
| | माडी खोला | माडीखोला | नाईना | मौतोला |
| | माडी खोला | माडी खोला | नाईना | नाईना |
| | वगार खोला | वगड खोला | नाईना | मौतोला |
| | ढिल्ने छट्ट काठे पुल | वगड खोला | मौतोला | मौतोला |
| | चाम्डे वगर | वगड खोला | मौतोला | मौतोला |
| ७ | घट्टे खोला | घट्टे खोला | लम्गाऊँ | वुढावाडा |

| वडा नम्बर | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडिने वस्तीहरु | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | वुंगटा घट्टे खोला | वुंगटा घट्टे | कठायत वाडा | वुढावाडा |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

बिजुली

| विद्युत उत्पादन आयोजनाको नाम | ठेगाना | क्षमता (वाट, किलोवाट वा मेघावाट) |
|---|---|---|
| ग्रामिण विद्युतिय ऊर्जा | काँडा | ४० किलोवाट |
| कचालीगाउँ पिको हाईड्रोपावर | काँडा | २० किलोवाट |
| बार्जुगाउँ विदुतिय ऊर्जा | पुडावाला | २५ किलोवाट |
| गदुगाड लघु जलविद्युत | खप्तड छेडेदह-४ | १८ किलोवाट |
| बार्जुमाडु लघु जलविद्युत आयोजना | खप्तड छेडेदह-४ | ४५ किलोवाट |
| चाम्डेवग्य लघु जलविद्युत आयोजना | खप्तड छेडेदह-६ | १८ किलोवाट |
| घट्टे खोला लघु जलविद्युत आयोजना | खप्तड छेडेदह-७ | १२ किलोवाट |
| बार्जखर्क लघु जलविद्युत आयोजना | खप्तड छेडेदह-७ | ५ किलोवाट |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

खानेपानी

| वडा नं. | खानेपानीको श्रोत्र अनुसार घरपरिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घरमै पाइप धारा | सार्वजनिक धारा | मूलको पानी | नदी खोला | ढाकिएको इनार | नढाकिएको इनार | जम्मा |
| १ | ९ | ५६२ | ७ | ० | १ | ० | ५७९ |
| २ | १३ | ३७५ | २ | ० | ० | ० | ३९० |
| ३ | ३ | ४३० | ० | ० | ० | १ | ४३४ |
| ४ | २८ | ३५४ | १६ | ७ | ० | ० | ४०५ |

| वडा नं. | खानेपानीको श्रोत्र अनुसार घरपरिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घरमै पाइप धारा | सार्वजनिक धारा | मूलको पानी | नदी खोला | ढाकिएको इनार | नढाकिएको इनार | जम्मा |
| ५ | १ | ५२७ | १०१ | ० | ० | ० | ६२९ |
| ६ | २ | २७५ | ७३ | ४ | ० | ९ | ३६३ |
| ७ | ७ | ४२५ | ० | १ | १ | ० | ४३४ |
| **जम्मा** | **६३** | **२९४८** | **१९९** | **१२** | **२** | **१०** | **३२३४** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

सिचाईः

| सिंचाई सुविधा वा आयोजनाको नाम | वडा नम्बर | सिंचाईको किसिम | लाभान्वित घरधुरी |
|---|---|---|---|
| जग्रे सि.कु. | १ | नहर | द्दद्धण |
| झकाला सि. कु | १ | कुलो | घण्ण |
| वहे खोला सि.कु | २ | नहर | ज्ञघण |
| धुरतोला सि.कु | ३ | नहर | ज्ञद्धण |
| खानि गाऊँ सि. कु | ४ | कुलो | ज्ञद्धण |
| छहरेखोला सि. कु | ६ | कुलो | २५२ |
| माडीखोला मगौला | ६ | कुलो | ९२ |
| छरे खोला बुगटा | ७ | कुलो | १४४ |
| छरी खोला  सि. कु. | ७ | कुलो | १३४ |
| सिली खेत सि. कु | ७ | कुलो | १५८ |
| **जम्मा** | | | **१७३०** |

*स्रोत: गाउंपालिका पार्श्वचित्र २०७५*

## ४.५ गाउँपालिकाको संगठन तथा राजस्वप्रशासन :

राजश्व शाखाको व्यवस्थापन

हाल गाउँपालिकाको राजश्व शाखाको जिम्मेवारी आ.ले.प. पाचौ तहको कर्मचारीलाई दिईएको छ। जुन कर्मचारीले योजना शाखाको समेत जिम्मेवारी वहन गरेको अवस्था छ। राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | जगत प्रसाद ढकाल | आ.ले.प. | राजश्व |

राजश्व शाखा कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता भएको देखिदैन। राजश्वा शाखामा फर्निचर, कम्प्युटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू उपलब्ध छन्। राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग नगरिएको र कप्यूटर विलिङ्ग प्रणालिको पनि प्रयोग नभएका अवस्था देखियो।

हालको संगठन संरचना ( कर्मचारीहरूको विवरण

| क्र. सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| १. | प्रमुख प्रशासकीय अधिकृत | १ | स्थायी | |
| २ | स्वास्थ्य संयोजक | १ | स्थायी | |
| ३ | इन्जिनियर | १ | स्थायी | |
| ४ | शिक्षा अधिकृत | १ | स्थायी | |
| ५ | इन्जिनियर | २ | स्थायी | करार |
| ६ | सुचना प्रविधि अधिकृत | १ | ० | करार |
| ७ | रोजगार संयोजक | १ | ० | करार |
| ८ | खा.पा.स.टे | १ | स्थायी | |
| ९ | लेखापाल (पाँचौ) | १ | स्थायी | |
| १० | आ.ले.प (पाँचौ) | १ | स्थायी | |
| ११ | सब इन्जिनियर | २ | स्थायी | |
| १२ | नायक सुब्बा (पाचौ ) | ३ | स्थायी | |
| १३ | खरिदार (चौथो) | ४ | स्थायी | |
| १४ | कम्प्युटर अपरेटर (पाचौ ) | १ | स्थायी | |
| १५ | प्रा. स (शिक्षा) | १ | स्थायी | |

*स्रोत:*

| | | | | |
|---|---|---|---|---|
| १६ | सब इन्जिनियर | २ | स्थायी | |
| १७ | असिषटेन्ट.सब.इन्जिनियर | ३ | स्थायी | करार |
| १८ | सहायक महिला विकास निरीक्षक | १ | स्थायी | |
| १७ | :क्ष्क अपरेटर | १ | | करार |
| १९ | ना.प्रा.स (कृषी) | १ | | करार |
| २० | ना.प्रा.स (कृषी) | १ | | करार |
| २१ | ना.प.स्वा.प्रा (पशु) | १ | | करार |
| २२ | पोषण स्वयमसेवक | १ | | करार |
| २३ | :क्ष्क फिल्ड सहायक | १ | | करार |
| ३२ | :क्ष्क फिल्ड सहायक | १ | | करार |
| ३७ | प्रशासन सहायक सबै वडा | ७ | | करार |
| ३९ | स्टाफ नर्स | १ | | करार |
| ४० | उद्यम विकास सहजकर्ता | १ | | करार |
| ४१ | उद्यम विकास सहजकर्ता | १ | | करार |
| ४२ | का.स. (पशु शाखा ) | १ | | करार |
| ४३ | का. स. (गा.पा.) | ३ | | करार |
| ४५ | का.स. ( वडा ) | ७ | | करार |

*गाउंकार्यपालिका, २०७८*

कार्यालयका भवनहरू

| क.सं. | विवरण | कोठा | आफ्नै | भाडामा |
|---|---|---|---|---|
| १ | भवन नं. १ | ६ | √ | |
| २ | भवन नं. २ | ६ | √ | |
| ३ | भवन नं. ३ | ५ | √ | |

*स्रोत: गाउंकार्यपालिका, २०७८*

सवारी साधन

मोटरसाइकल १२ वटा

फर्निचर, कम्प्युटर, प्रिन्टर

- कम्प्युटर डेस्कटप १३ वटा
- ल्यापटप १५ वटा
- प्रिन्टर १७ वटा

राजस्व शाखा तथा राजस्व प्रशासन

### २.६ विकासका सम्भावनाहरु

छेडेदह गाउँपालिका प्राकृतिक तथा साँस्कृतिकरुपले सम्पन्न क्षेत्र हो यस क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानविय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ । गाउँ विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका*

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| १ | प्राकृतिक श्रोत तथा साधन | • छेडेदह, कोइरेली दह<br>• गुदुगाड समैजी गाड, खागडा, बार्मु गाड, घट्टे खोला, छडी खोला, कर्कले खोला लगायतका बाह्रै महिना बहने खोला<br>• नदि तटिय समथर भूभाग<br>• ठण्डा तथा उपोष्ण हावापानी र उच्च पहाडी क्षेत्रीय जैविक विविधता<br>• पाटन तथा चरण क्षेत्र<br>• उर्वरशिल सिंजा उपत्यका |
| २ | आर्थिक | • पर्यटकीय खप्तड निकुञ्जको क्षेत्र<br>• व्यापक आलु उत्पादन र आलुका लागि उर्वरभूमि<br>• खाद्यान्न, दलहन, तेलहन, तरकारी, मौरीपालन, पशुपालनको परम्परागत अभ्यास<br>• नदि तटिय समथर उर्वर भूमि र उच्च पहाडी चरण क्षेत्र<br>• व्यापार र व्यवसायकका लागि नयाँ बजार केन्द्रहरुको विस्तार<br>• वैदेशिक रोजगारीमा विस्तार<br>• बजारसँगको सहज पहुँच<br>• औपचारिक वित्तीय कारोवारका लागि बैक तथा वित्तीय संस्थाको स्थानीय स्तरमा स्थापना |
| ३ | सामाजिक | • ३१ वटा विद्यालय रहेको<br>• प्रारम्भिक वाल विकास केन्दको स्थापना र सञ्चालन<br>• १२ कक्षाको मावि सम्मको शैक्षिक संस्थासम्मको पहुँच<br>• ५ वटा स्वास्थ्य चौकी<br>• स्वास्थ्य सेवा विस्तार कार्य प्रारम्भ<br>• पूर्ण सरसफाईका अभ्यास |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| | | • धारामा आधारित खानेपानी सुबिधा विस्तार<br>• गौरा, जनैपुर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं जस्ता चाडपर्वको मौलिक अभ्यास<br>• धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता<br>• युवा श्रृजनशिलताको खोजी |
| ४ | भौतिक पूर्वाधार | • मुख्य राजमार्ग सम्म सडकको सहज पहुँच र बझांगको चैनपुर सम्मपुग्ने सडक<br>• स्थानीयस्तरमा सडक विस्तार र स्तरोन्नती<br>• विद्युत सेवा विस्तार र सौर्य उर्जाको व्यापक उपयोग<br>• गाउँपालिकामा इन्टरनेट तथा मोवाइल फोनको सुविधा विस्तार<br>• राजमार्गबाट बाटो विस्तारको पहल<br>• हुलाक सेवाको सुविधा |
| ५ | वन तथा वातावरण | • खप्तड राष्ट्रिय निकुञ्ज<br>• २६ वटा सामुदायिक बन<br>• उच्च पहाडी जौविक विवधता |
| | सुशासन तथा संस्थागत | • विकासकार्यमा जनसहभागिता तथा परिचालनको अभ्यास<br>• गाउँकार्यपालिका, विषयगत शाखा, समितिको गठन र सञ्चालन<br>• गैससको विकास कार्यमा संलग्नता |

# परिच्छेद – ३

## स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता

यस परिच्छेदमा बिध्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारहरुको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट खप्तड छेडेदह गाँउपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाहरुको विश्लेषण गरी पहिचान गरिएका बास्तबिकताहरुलाई यस राजस्व सुधार कार्ययोजना मार्फत संबोधन गर्ने प्रयास गरिने छ ।

यस परिच्छेदलाई मुख्यतया तिन भागमा बिभाजन गरिएको छ। पहिलो भागमा स्थानीय तहहरुको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था को बारे चर्चा गरिएको छ , दोश्रो भागमा खप्तड छेडेदह गाँउपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अबस्थाका जागर गर्न खोजिएको छ भने तेश्रो भागमा गाँउपालिकाको आन्तरिक श्रोत तर्फ राजश्वका प्रमुख क्षेत्रहरु तथा संभावनाको बारे बिश्लेषण गर्ने प्रयास गरिएको छ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफनो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई् बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।
- **भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुदसम्बे न्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ( अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुसन, कोचिङ, औषधि ् पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सभेक्षण, उत्खनर्न ् तथा उपयोग ( नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर
- गाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने
- सामुदायिक वनबाट आय प्राप्त गर्न ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :**

**एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)**

**(क).** सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

(ख) .घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने।

(ग) .मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गनुपर्ने।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धाIण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने।
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेश सरकारवाट प्रदान गरिने अनुदान

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने

- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका ् साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन ्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायतौ बाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि ३.१ म उल्लेखित स्थानीय तहका राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा बाजुराको खप्तड छेडेदह गाँउपालिकाको सम्भाव्य आय शिर्षकहरू अर्न्तगतको बर्तमान राजश्व परिचालनको अवस्था तल विश्लेषण गरिएको छ । नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा गाँउशभा बाट करका दरहरुको निर्धारणको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका : खप्तड छेडेदह गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| | सम्पीत्त कर | भएको | नभएको | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | नभएको | नभएको | नभएको |
| | घर जग्गा बहाल कर | भएको | भएको | नभएको |
| | व्यवसाय कर | भएको | भएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | भएको |
| ख. | **अन्य राजस्व** | | | |
| | ढुङ्गा, गिटट्ी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | नभएको | भएको |
| | नक्सापास दस्तुर | भएको | नभएको | नभएको |
| | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| | पार्किङ्ग शुल्क | नभएको | नभएको | भएको |
| | अस्पताल संचालन | भएको | नभएको | भएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | भएको | नभएको | नभएको |
| | मूल्यांकन सेवा शुल्क | नभएको | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | भएको | भएको | भएको |
| | ढुङ्गा, गिटट्ी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| | दण्ड जरिवाना | भएको | भएको | भएको |

मथिको तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ। तालिकामा करतर्फ ६ शीर्षक र गैरकरतर्फ १४ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ। तालिका अनुसार स्थानीय सरकारले लिने ६ किसिमका करहरु मध्ये खप्तड छेडेदह गाँउपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरूसँगको छलफल तथा नगरपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा पाँच शिर्षक अर्न्तगत करहरु संकलनको सम्भावना रहेको देखिन्छ साथै ५ वटा संभाबित क्षेत्र मध्ये ४ किसिमका करको दर निर्धारण भएको छ। करका दरहरु मध्ये संभाबना बोकेको सम्पत्ती करका दरहरु तोकिएको पाईएन। गैरकरतर्फका राजस्वका १४ शीर्षकमध्ये ७ शीर्षकमा संकलनको सम्भावना भएको पाईएपनि ४ शीर्षकको दर निर्धारण भै कर संकलन भएको पाइन्छ।

## ३.३ आन्तरिक स्रोततर्फ राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### ३.३.१ *कर राजस्व*

कर राजश्व तर्फका तपसिलमा उल्लेखित करहरुको बर्तमान अबस्था तथा संभाव्यताको बिश्लेषण गरिएको छ।

### क. सम्पत्ति कर

**बर्तमान अवस्थाः** खप्तड छेडेदह गाँउपालिकाले चालु आ.व. २०७७।७८ सम्म सम्पत्ति कर उठाउन सुरु गरेको छैन। पालिकाको मुख्य आय श्रोतको रुपमा रहेको सम्पत्ति करलाई व्यबस्थित गर्नसके श्रोतमा बृद्धिहुने देखिन्छ। तर प्रत्येक बर्ष सम्पत्ति कर लागुगर्ने निर्णय हुनेगरेको तर हाल सम्म कुनै पनि तयारी नगरिएको हुँदा लक्ष अनुसारको प्रगति हुन सकेको छैन। आगामी दिनहरुमा सम्पत्ति कर सम्वन्धी सम्पुर्ण तयारी पुरागरी कान्वयनमा लैजानपर्ने अबस्था छ।

पहाडी जिल्लामा अबस्थित खप्तड छेडेदह गाँउपालिका स्वयं प्रबिधिको हिसाबले समेत खासै तैयारी अबस्थामा नरहेको कारण सम्पत्ति करलाई तत्काल पालिकाका सबै वडाहरुमा लागुगर्न सकिने अबस्था रहेको पाइएन। गाँउपालिकाका सबै क्षेत्रहरु उत्तिकै सुबिधायुक्त नभएकाले पालिकाले सम्पत्ति कर लगाउदा सुरुमा बजार क्षेत्र बाट सुरुगरी क्रमस सबै वडाहरुमा बिस्तार गर्दा राम्रो हुन्छ। यसकोलागि कार्यपालिकामा सहमतिको बाताबरण हुनु आवश्यक छ। निर्णय मात्र गर्ने, रकम प्रस्ताब गर्ने तर कार्यान्वयन नगर्ने बिगतको अभ्यासलाई चिर्नु आबश्यक छ। गाँउपालिकाले सम्पत्ति कर लगाउने क्षेत्र तथा सो क्षेत्रमा पर्ने घर तथा घरले चर्चेको जग्गाको मुल्यांकन गरी बिस्तृत बिबरण तैयार गर्नुपर्ने हुन्छ। राजश्व सम्वन्धी कुनै सफ्टवेयर जडान नगरिएको तथा गाँउपालिकाको कार्यालयमा समेत राजश्वका बिलहरु हातले काट्नुपर्ने अबस्थामा बिना तैयारी तत्काल कार्यान्वयनगर्न सकिने अबस्था नदेखिएकोले यस कार्ययोजनामा सम्पत्ति कर

लागुगर्न चाहिने पुर्बाधारको मात्र प्रस्ता गरिएको छ । आगामी दिनमा गाँउपालिकाले सम्पुर्ण तैयारीको काम पुरा गरी कार्यान्वयनमा ल्याउन प्रस्ताब गरिन्छ ।

**ख) भुमी कर**

**बर्तमान अवस्था :** गाँउपालिकाको आर्थिक ऐन, २०७७ ले सम्पत्ती करको दर तोकेको देखिन्छ जो कुल मुयांकनक ०.०१ प्रतिशत तोकीएको छ  तर कार्यान्वयनमा आएको छैन । सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य सबैखाले जग्गाहरुमा भूमिकर लगाउने व्यवस्था अनुसार हाल नगरपालिकाले मालपोत उठाउदै आएको छ  । गाँउपालिकामा हाल कुनकुन क्षेत्रमा के कति रकम उठ्छ त्यसको एकिन तथ्यांक पायन गाह्रो छ । गाँउपालिकाले गत आर्थिक बर्ष २०७६।७७ मा भुमि कर तर्फ रु ५५४५२०।- संकलन गरेको देखिन्छ र आ.व. २०७७।७८ मा जम्मा रु ३०००००। भुमि कर संकलन गर्ने लक्ष राखेको छ । गाँउपालिकामा भूमीकर तिर्नुपर्ने करदाताको संख्या तथा सम्भावित करदातासँग भएको भूमिको स्वामित्व सम्बन्धी बिस्तृत तथ्यांक उपलब्ध नरहेकोले बिस्तृत बिश्लेषण गर्न नसकिएतापनि गत आर्थिक बर्षमा उठेको रकमलाई आधारमानी आगामी आर्थिक बर्षकोलागि प्रस्ताब गरिएको छ । अत आगामी आर्थिक बर्ष २०७८/७९ कोलागि भुमि कर बापत रु ७०००००।- मात्र अनुमान गरिएको छ। प्रस्ताबित रकम असुलिकोलागि समेत गाँउपालिकाले कर असुलि सम्वन्धी बिशेष कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ ।

**ग) घर जग्गा वहाल कर**

गाँउपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वाा पोखरी पुरै, आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल अंकमा १० प्रतिशतले कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्ने प्रचलन छ ।

खप्तड छेडेदह गाँउपालिका क्षेत्रमा पसल व्यवसाय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सटर तथा कोठा भाडामा लगाईएको छ भने निजी बसोवासको लागि समेत भाडामा लगाईएको छ। गाँउपालिका संग गत आ.ब मा के कति घर बहालकर उठ्यो त्यसको एकिन लेखांकन छैन र असुलि भएको रकम समेत कुन सिर्षक अर्न्तगत जम्मा भयो एकिन भएन । गाँउपालिकाले आ.व. २०७७।७८ को लागि रु. १०००००।-उठ्ने अनुमान गरेको छ । अत यसै बर्षको अनुमानलाई आधार मानी आगामी आर्थिक बर्षको लागि समेत रु १०००००।- प्रस्ताब गरिएको छ ।

आगामी दिनहरुमा गाँउपालिकाले तपशिलमा भएका कार्यहरु गर्दा घर बहाल करलाई बढी प्रभाबकारी गर्न सकिन्छ ।

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा नगरपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने ।
- सुरु सुरुमा करदातालाई आफै कर घोषणा गर्न लगाउने र स्वही अनुरुप संकलन गर्ने ।
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने ।

घ).**व्यवसाय कर**

गाँउपालिकाले आर्थिक ऐन २०७७ मा व्यवसायको प्रकृति अनुसार करको दर निर्धारण गरेको छ। हाल गाँउपालिकामा रहेको राजशव संकलनको विवरणमा गत आ.ब मा गाँउपालिकाले व्यवसाय कर तर्फ क'नैपनि रकम संकलन गरेमो देखिदैन । गाँउपालिकाको बस्तुगत बिबरण २०७५ अनुसार गाँउपालिका भित्र २७७ साना व्यवसायहरु संचालनमा रहेको देखिन्छ । यो बिचमा के कति नयाँ थपिए के कति बन्द भए एकिन भएन । व्यवसाय नबिकरण शुल्क कम्तीमा रु ३००।- र बढीमा रु १०००।- सम्म लिनसक्ने प्राबधान छ । अत स्विकृत भएको दरमा बिगतकै संख्यालाई आधार मान्नेहोभने  करिब रु १५००००।- उठ्न सक्ने संभाबना देखिन्छ । व्यबसाय करलाई पहिलो बर्षमै पहलगर्दा उठ्न सक्ने देखिन्छ । गाँउपालिकाले आर्थिक बर्ष २०७७/७८ मा व्यबसाय कर बापत रु १०००००।- संकलन गर्ने उद्देश्य राखेको छ। यसैलाई समेत आधारमानी अर्को बर्षको लागि रु १२५०००।-प्रक्षेपण गरिएको छ ।

गाँउपालिकामा संचालनमा रहेका तथा पालिकामा दर्ता भएका साना उद्योग तथा व्यबसायहरु बाट कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाँउपालिकामा सञ्चालित सबै किसिमका व्यवसायको विवरण/लगत तयार गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने
- व्यवबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था भएकोले कार्यान्वयनमा जोड दिने ।
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर सचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने । साथै नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने तथा करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।

### ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**बर्तमान अवस्था:** खप्तड छेडेदह गाँउपालिकामा कवाडी करको खासै संभावना भएपनि जडीबुटी मा लगाईने करको भने संभावना रहेकोछ। पालिकाको बस्तुगत बिबरण २०७५ अनुसार तत्कालिन अवस्थामा पालिकामा बार्षिक करिब ४६ क्वीन्टल जडिबुटी संकलन भै रु ६५५०००।- बराबरको कारोवार हुने गरेको देखिन्छ। अत गाँउपालिकाले जडिबुटी मा कम्तीमा १० प्रतिशत रकम असुल गरेपनि करिब रु ६५०००।- बार्षिक आम्दानी हुने देखिन्छ । यसलाई मध्यनजर गरी राजश्व सुधार योजनामा संभाबित आम्दानीका श्रोतको रुपमा जडिबुटीलाई समेत समावेश गरिएको छ । आगामी बर्षमा र ५००००।- अनुमान गरिएको छ । गाँउपालिकाले जडिबुटी सम्वन्धी सम्भाव्यता अध्ययन गरी अध्ययनपछि यथार्थपरक ढंगले जडिबुटी करको अनुमान गर्न सके अझ बढी उठ्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:** जडिबुटी कर लागुगर्न निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाँउपालिका क्षेत्रमा संकलन हुन सक्ने जडिबुटीको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने
- जडिबुटी व्यबसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि बनाई लागुगर्ने ।
- जडिबुटी कर असूलीका लागि ठेक्का बन्दोबस्त गर्ने वा स्थलगत रुपमा कर्मचारी खटाई असूल उपर गर्ने व्यवस्था मिलाउने ।

### च). सवारी साधन कर

**हालको अवस्था:** नेपालको संविधान २०७२ बमोजिम सवारी साधन सम्बन्धी अधिकार साझा अधिकार सूचीमा परेको छ। ऐनले उक्त शिर्षकमा कर उठाउने अधिकार प्रदेश सरकारलाई दिएको छ भने उठाईएको कर राजश्व बाँडफाँड वापत स्थानीय सरकारलाई समेत बाड्नु पर्नेछ । सवारी साधन मध्ये इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको कर मात्र स्थानीय सरकारले लिन पाउने छ। साना सबारी साधन जस्तै इ-रीक्सा, अटो-रीक्सा र ठेलागाडाको संचालन गर्न संभाबना नभएको तथा आर्थिक ऐन २०७७/७८ मा समेत प्राबधान नरहेकोल संभावित श्रोत भित्र नपरेको ।

### छ) बिज्ञापन कर

गाँउपालिका क्षेत्रभित्र विज्ञापनका होडिङ बोर्डहरु राख्ने, घर टहरा तथा पर्खालहरुमा पेण्टिङ गरेको पाइन्छ । तर बिज्ञापन बापत कुनै कर उठाउने गरको पाइएन । गाँउपालिका क्षेत्रमा विज्ञापन गर्ने कम्पनीहरुलाई करको दायरामा ल्याउन सके र निर्धारण गरेको दरमा कर असुल्न सके थोरै भए पनि आय संकलन हुने देखिन्छ । यस सम्वन्धी कुनै दर तथा दायराहरु ऐनमा निर्धारण नभएकोले यहाँ प्रस्ताब गरिएन । तर आगामी दिनहरुमा गाँउपालिकाको ध्यान आकृष्ट गरिन्छ ।

### छ. मनोरञ्जन कर

मनोरञ्जन कर सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकार भित्र परे पनि यस शिर्षकमा कर उठाउन स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ। तर यस शिर्षबाट उठेको रकम राजश्व बाँडफाँड वापत प्रदेश सरकारलाई समेत फिर्ता गर्नुपर्दछ। तर मनोरन्जन बापत कुनै कर उठाउने गरिएको पाइएन गाँउपालिका क्षेत्रभित्र केवुल च्यानल, डिस होम विक्रेता, बाट कर निर्धारण गरी लागु गर्न सकिन्छ। यसबापत गाँउपालिकामा रकम संकलन नभएकोले प्रस्ताब गरिएन।

### ३.३.२ गैर कर राजश्व

**क. बहाल विटौरी कर**

गाँउपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने व्यवस्था छ। हालसम्म गाँउपालिकाले यस सम्वन्धी कुनै रकम असुल्ने गरेको पाइएन। आगामी दिनहरुमा गाँउपालिकाले यस सम्वन्धी अध्ययन गरी आफ्नो क्षेत्र भित्र हुने बजार, मेला हरुमा राखिने स्तलहरु बाट समेत कर असुल्ने गरी प्रस्ताब गर्न सकिन्छ।

**ख. घर नक्सा पास दस्तुर :**

गाँउपालिकाले नक्सापास दस्तुरको दर निर्धारण गरेको दखिएन। गाँउपालिकाले करका दर तोकि नक्सापासलाई अनिबार्य गर्नुपर्ने हुन्छ। निर्माण पुर्ब नक्शा स्विकृत गर्नुपर्ने प्राबधानलाई कार्यान्वयन गरे यसले गाँउपालिकाको आन्तरिक आम्दानीमा समेत बृद्धि हुने देखिन्छ। अत आगामी दिनमा आवश्यक दर रेट तोकी नया निर्माण हुने पककी घरहरुमा अनिबार्य गर्न सिफरिस गरिन्छ। आगामी आर्थिक बर्षकोलागि अनुमानीत रु ५००००।- प्रस्ताब गरिएको छ। त्यसपछिका दिनहरुमा १० प्रतिशतले बृद्धि अनुमान गरिन्छ।

**ग) सिफारिश तथा प्रमाणित दस्तुर**हरुः

गाँउनगरपालिकाले सिफारिस तथा प्रमाणिकरण दस्तुर शीर्षक अन्तर्गत सिफारिश तथा बिभिन्न प्रमाणिकरणमा दस्तुर, तोकी राजस्व संकलन गरि आएको छ। आर्थिक बर्ष २०७६/७७ सिफारिस बापत रु २०७१००। त्था अनय प्रशासनिक दस्तुर तर्फ रु १२६९१०।- संकलन गरेको र २०७७/७८ मा सो बापत क्रमस रु ७०००००।- र रु ८०००००।- प्रस्ताब गरेको देखिन्छ। बिगतमा संकलन गरिएको रकम र यस आर्थिक बर्षको अनुमानको आधारमा आगामि आ.ब को लागि क्रमस रु ५०००००।- र ३०००००।- प्रस्ताब गरिएको छ। हाल राजश्व संकलनमा बिलिङको लागि गाँउपालिका कार्यालय तथा सबै वडाहरुमा हस्त लिखित बिल काट्ने परम्परा रहेको पाईयो। गाँउपालिका संगको छलफलमा आगामी आर्थिक बर्ष २०७८/७९ देखि राजस्व सफ्टवेयर प्रयोग गरी यसलाई व्यबस्थित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

सिफारिश वा प्रमाणित गाँउपालिकाको नियमित र निरन्तर काम भएकाले यो नगरपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो। यस शीर्षकमा विगतको आय प्रवृत्ति, जनसंख्या तथा बढ्दो शहरीकरणलाई मध्यनजर स्वहि अनुसार प्रक्षेपण गरिएको हो।

**ग) पर्यटन स्थल प्रवेश शुल्क**

गाँउपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ। तर हालसम्म पर्यटन शुल्क सम्बन्धमा कुनै निर्णय भने गरेको छैन। खप्तड छेडेदह गाँउपालिकामा पर्यटकीय सम्भावना रहेको भएता पनि त्यसको अभ्ययन तथा अनुसन्धान भै कुनै प्रतिबेदन तथार भएको पाईएन। यस योजनामा पर्यटन प्रबेश शुल्क बारै कुनै प्राबधान राखिएको छैन।

**घ) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)** :

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ मा व्यबस्था भएअनुसार स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम्माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। यसरी संकलन गरेको रकमको ६० प्रतिशत रकम प्रदेश सरकारमा पठाउनुपर्ने प्राबधान छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा हाल वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था गरेको छ। अध्ययन सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। गाँउपालिका क्षेत्रमा नदी/खोलाहरु रहेता पनि ढुंगा, गिट्टी, बालुवा निकासी गर्ने स.भावना भएकोले यसकोलागि बिस्तृत अभ्ययन हुनु जरुरी देखिन्छ। आगामी दिनमा गाँउपालिकाले अध्ययन गरी कार्यान्वयन गर्नसके केही कर असुली हुने संभाबना देखिन्छ। हाल गाँउपालिकाले लगाउदै आएको ढुंगा, गिट्टी, बालुवा सम्वन्धी पटके कर बाट के कति रकम उठ्यो एकिन हुन नसकेका कारण यहाँ प्रस्तुत गरिएन।

# परिच्छेद – ४

## आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा खप्तड छेडेदह गाँउपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको बर्तमान अवस्थालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसबाट गाँउपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाँउपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी गाँउपालिकामा सिफारिश गर्ने लगायत कार्यहरु गर्दै आएको छ। खप्तड छेडेदह गाँउपालिकाको राजश्व परामर्श समितिको खासै सकृयत देखिएन। बार्षिक रुपमा एक पटक बैठक बसी राजश्वका दरहरु तथा संभावित राजशव अनुमान गर्ने काम गरेको मात्र पाईयो। राजश्व संकलनमा समितिको अहं भुमिका रहने हुँदा आगामी दिनहरुमा राजश्व संभाव्यता अध्ययन गराउने, दर र दायरामा व्यापक छलफल गरी निर्णय लिने, राजश्व संकलनको अनुगमन तथा मुल्यांकन गर्ने जस्ता कृयाकलापहरु र्गनुपर्ने देखिन्छ।

### ४.२ गाँउपालिकाको आय परिचालनको अवस्था

तालिका : खप्तड छेडेदह गाँउपालिकाको ३ बर्षको आय संकलन तथा परिचालनको अवस्था

| आय शिर्षक | यथार्थ आय रु | | | बार्षिक बृद्धि दर | ०७७/७८को प्रस्ताबित |
|---|---|---|---|---|---|
| | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | | |
| **क. आन्तरिक आय** | ६११।०० | २७५४।३६ | ८८८।५० | | २९००।०० |
| सम्पत्ति कर | ०।०० | ०।०० | | | ७००।०० |
| भुमिकर (मालपोत) | | | ५५४।५२ | | ३००।०० |
| घर बहाल कर | | | ०।०० | | १००।०० |
| ब्यवसाय कर | | | ०।०० | | १००।०० |
| सबारी साधन कर | | | ०।०० | | ०।०० |
| अन्य कर | | | ०।०० | | १००।०० |
| नक्सापास दस्तुर | | | ०।०० | | ०।०० |
| अन्य प्रशासनिक सेवा शुल्क | | | १२६।९१ | | ८००।०० |
| सिफारिश दस्तुर | | | २०७।१० | | ७००।०० |
| ब्यक्तिगत घटना दर्ता दस्तुर | | | ०।०० | | ०।०० |
| नाता प्रमाणित दस्तुर | | | ०।०० | | ०।०० |
| प्रशासनिक तथा न्याय दण्ड जरिवाना | | | ०।०० | | १००।०० |
| अन्य दस्तुर | ०।०० | | ०।०० | | ०।०० |
| **आन्तरिक आयको जम्मा** | ६११।०० | २७५४।३६ | ८८८।५३ | ०।०० | २९००।०० |
| ख. राजश्व बाँडफाड बाट | | | | | |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ०।०० | ४९२१०।०० | ३६८७१।०० | (२५।०७ | ७१३९६।०० |

| आय शिर्षक | यथार्थ आय रु | | | बार्षिक बृद्धि दर | ०७७/७८को प्रस्ताबित |
|---|---|---|---|---|---|
| | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | | |
| **क. आन्तरिक आय** | ६११।०० | २७५४।३६ | ८८८।५० | | २९००।०० |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | ०।०० | ०।०० | ९६६३।०० | १०० | |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ०।०० | ०।०० | ९०५।०० | १०० | १०४८।०० |
| राजश्व बाँडफाडको जम्मा | ०।०० | ४९२१०।०० | ४७४३९।०० | (३।६० | ७२४४४।०० |
| **ग. संघिय सरकारबाट प्राप्त अनुदान** | | | | | |
| समानिकरण अनुदान | १६३०४५।०० | १०८४००।०० | १०७०००।०० | (१।२९ | ११७०१५।०० |
| शसर्त अनुदान चालु | ७५६८५।०० | ११७०१६।०० | १७३०११।०० | ४७।८५ | २२७४८२।०० |
| विषेश अनुदान चालु | २९८७९।०० | २००००।०० | ७०००।०० | (६५।०० | १९०००।०० |
| समपुरक अनुदान | ०।०० | २०२१९।०० | १०४००।०० | (४८।५६ | १३०००।०० |
| **संघिय सरकारबाट प्राप्त अनुदान जम्मा** | २६८६०९।०० | २६५६३५।०० | २९७४११।०० | ११।९६ | ३७६४९७।०० |
| **घ प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | | |
| समानिकरण अनुदान | ०।०० | ६८३३।०० | ६८८६।०० | ०।७८ | ६९९७।०० |
| शसर्त अनुदान चालु | १३५।०० | ०।०० | ८०१।०० | १००।०० | ०।०० |
| विषेश अनुदान चालु | | ०।०० | ०।०० | ०।०० | ६८००।०० |
| समपुरक अनुदान पूँजीगत | | ०।०० | ०।०० | ०।०० | १६२३३।०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान जम्मा** | १३५।०० | ६८३३।०० | ७६८७।०० | १२।५० | ३००३०।०० |
| अन्य संस्थागत आन्तरिक अनुदान | ०।०० | ५१७५८।०० | ०।०० | | |
| संघ तथा प्रदेश बाट प्राप्त जम्मा | २६८७४४।०० | ३७३४३६।०० | ३५२५३७।०० | (५।६० | ४७८९७१।०० |
| **कुल जम्मा** | २६९३५५।०० | ३७६१९०।३६ | ३५३४२५।५३ | (६।०५ | ४८१८७१।०० |

खप्तड छेडेदह गाँउपालिकाको आन्तरिक आय तर्फको आम्दानी निकै न्युन देखिन्छ । विगत दुई वर्ष २०७५/७६ तथा २०७६/७७ को कुल आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा एक प्रतिशत भन्दा पनि न्युन रहेको छ । बिगत दुई बर्षको राजश्व बाँडफाँड तर्फ पनि कुल रकममा करिब ३.६ प्रतिशतले ह्रास आएको छ भने अनुदान तर्फ करिब ५.६ प्रतिशतले ह्रास आएको छ। खप्तड छेडेदह गाँउपालिकाका कुल आयमा बाह्य स्रोतको हिस्सा ९९ प्रतिशत भन्दा बढी रहेको छ भने आन्तरीक हिस्सा एक प्रतिशत भन्दा कम छ।

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

खप्तड छेडेदह गाँउपालिकाको **राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था निंनानुसार रहेको छ :**

गाँउपालिकामा उपप्रमुखको अध्यक्षतामा राजस्व परामर्श समिति रहेको । उक्त समितिमा उद्योग बाणिज्य संघको प्रतिनिधि तथा कार्यपालिकाका सदस्यहरु मध्ये एक महिला सहित २ जना सदस्य, प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा प्रमुख सदस्य सचिब रहने गरि सदस्य तोकिएको छ । सो समितिले आबश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ । यसका साथै

- गाँउपालिकाको संगठनात्मक संरचना सम्वन्धी अध्ययन नभएको तर दरबन्दी तेरिज रहेको ।
- राजस्व शाखामा काम गर्ने गरी आलेप शाखामा कामगर्ने ब्यक्तिलाई तोकिएको छ । राजश्व शाखामा कामगर्ने गरी छुट्टै कर्मचारी व्यवस्था गरिएको छैन ।
- वडा कार्यालयहरुमा वडा सचिव ले सबै काम गर्नुपर्ने हुदा अझै दयनिय देखिन्छ ।
- गाँउ कार्यपालिकाको कार्यालयले समेत राजश्व सम्बन्धी बिल हस्त लिखित रुपमै काट्ने गरेको, कुने सफ्टवयर प्रयोगमा ल्याइएको छैन । कुन शिर्षकमा कति संकलन भयो हिसाब किताब भेटिदैन । बैंक दाखिला गर्दा जुन शिर्षक राखियो त्यहि शिर्षकमा हिसाब देखिन्छ । आर्थिक बर्ष २०७५/७६ मा रु ६११०००।- र आ.ब २०७६/७७ मा रु २७५४३६०।- संकलन गरिएको छ तर त्यो रकम कुनकुन शिर्षकमा हो एकिन हुन सकेन ।
- सबै वडा कार्यालयबाट बिलिङ गर्ने गरेको भए पनि हातले लेखी कागजी बिल काट्ने गरिएको ।
- कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन कार्यविधि प्रयोगमा ल्याएको पाईएन ।

### ४.५. राजस्व परिचालनमा रहेका सवालहरू

खप्तड छेडेदह गाँउपालिकाले राजस्व संकलनका अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि कतिपय संभाबित शीर्षकहरुमा समेत प्रयाप्त ध्यान नपुऱ्याउदा तत्काल उपल ।ब्धी हासिल गर्न सकेको पाइएन । समग्रमा यस गाँउपालिकाको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

#### क) <u>उपयुक्त संगठन निर्माण तथा क्षमता विकास :</u>

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ । कार्यपालिकाको कार्यालयमै राजश्व सम्वन्धी कारोवारमा राजस्व सफ्टवेयर प्रयोग गरिएको छैन र हाते बिल प्रयोग गर्ने गरिएको छ । राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजस्व शाखामा छुट्टै कर्मचारी नराखी आलेप शाखामा कामगर्ने ब्यक्तिलाई जिम्मा दिईएको छ ।

#### ख. तथ्यांक संकलन तथा अध्याबधिक

हाल गाँउपालिकामा भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई कम्प्युटरमा आधारित बनाउन सकिएको छैन भने अर्कोतर्फ करदाताको लगत संकलन गरिएको छैन । गाँउपालिकामा हाल केबल निर्माण ब्यवसायीहरुको लगत राखिएको छ । सम्पुर्ण करदाताहरुको लगत संकलन गरी पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्न सकिने अवस्था हुन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

#### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाँउपालिकाले विभिन्न तहको आय परिचालन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषवस्तु राखिनु अनिवार्य छ ।

#### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाँउपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । गाँउपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोग सँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको देखिदैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ ।

### ङ. समन्वय संयन्त्र

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा संघिय सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिेशन दस्तुरको बाँडफाँडका लागि प्रदेश सरकारसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट गाँउपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त नहुन सक्दछ ।

### च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाँउपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधिको प्रयोग मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – ५

# राजस्व सुधार कार्ययोजना

खप्तड छेडेदह गाँउपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा **मिति २०७८/०३/०८** गतेका दिन कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । गाँउपालिकाको आयोजना तथा परामर्शदाताको सहजीकरणमा संचालित कार्यशालामा गोष्ठीको अध्यक्षता गाँउपालिकाका उपप्रमुख गर्नु भएको थियो । उक्त कार्यशालामा कार्यपालिका सदस्यहरू, गाँउपालिका कार्यालयका कर्मचारीहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कोभिड-१९ संक्रमणको अबस्थालाई मध्यनजर गर्दै कार्यशालाका सहभागीहरूसंगको अर्न्तकृया तथा छलफल चलाइएको थियो । छलफलको क्रममा प्राप्त सुझाबहरु तथा परामर्शदाताको तर्फबाट संकलित अन्य सूचना एवं विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी खप्तड छेडेदह गाँउपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । कार्ययोजनामा मुख्यतया दुई भागमा रहेका छन् । पहिलो भाग कर तथा गैर कर राजश्व सुधार योजना तथा दोश्रो भागमा राजश्व प्रशासन सम्वन्धी कार्य योजना समाबेश गरिएको छ ।

राजस्व सुधार योजना बनाउने क्रममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा खप्तड छेडेदह गाँउपालिकाको आर्थिक ऐन २०७७ ले निर्दिष्ट गरे बमोजिमका करका दर र दायरा वृद्धि गर्न गाँउपालिका पदाधिकारीहरू एवै कर्मचारीहरुसँगको व्यापक छलफल बाट निम्नानुसार गर्ने गरी **राजस्व सूधार कार्ययोजना** प्रस्ताव गरिएको छ ।

**<u>क) कर तथा गैर कर राजश्व सुधार योजना</u>**

**<u>तलिकाः कर तथा गैर कर राजस्व सूधार कार्ययोजना,</u>** खप्तड छेडेदह गाँउपालिका

| कर राजस्वका शिर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| सम्पत्ति कर | ▪ सम्पत्ति कर सम्वन्धमा गाँउपालिकाले आफ्नो धारणा बनाउने र कार्यपालिकाबाट स्विकृत गर्ने ।<br>▪ सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गर्ने ।<br>▪ मालपोत कार्यालयबाट सबै श्रेस्ता ल्याई जग्गा र जग्गा धनि एकिन गर्ने ।<br>▪ गाँउ सभाबाट करका दर स्विकृत गर्ने ।<br>▪ भबनको मुल्यांकनमा ह्रासकट्टी सम्वन्धी दर तोक्ने ।<br>▪ सबै वडाकार्यालयमा इन्टरनेट सुविधा पुऱ्याउने ।<br>▪ सबै वडाकार्यालयहरुमा सम्पत्ति करको सफ्टवयर जडान गर्ने ।<br>▪ राजश्व संकलन तथा व्यवस्थापनकोलागि छुट्टै कर्मचारीको व्यवस्था गर्ने ।<br>▪ नियमित तथ्यांकहरु अद्यावधिक गर्ने ।<br>▪ सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने ।<br>▪ सम्पत्ति कर सम्बन्धी जनचेतना कार्यक्रमहरु सञ्चालन गर्ने । | आ.व. २०७८।७९ देखि निरन्तर लाग्ने र सकभर आ.ब २०८०/८१ देखि कार्यान्वयनमा ल्याउने | सूचना प्रविधि शाखा<br>वडा कार्यालयहरु,<br>राजस्व शाखा<br>राजश्व परामर्श समिति<br>निर्बाचित जनप्रतिनिधिहरु |
| भूमिकर/मालपोत | ▪ मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने ।<br>▪ वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने ।<br>▪ जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने । | आ.व. २०७८।७९ देखि निरन्तर | राजस्व शाखा<br>वडा कार्यालयहरु<br>राजश्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
| | ▪ बस्ती बस्तीमा कर शिक्षा संचालन गर्ने ।<br>▪ असुलिमा प्रभाबकारिता ल्याउने । | | |
| घरजग्गा बहाल कर | ▪ घरधुरी विवरण संकलन गर्ने, संभब भए घर नम्बरिङ गर्ने ।<br>▪ घरजग्गा बहाल कर संकलन विधि तय गर्ने ।<br>▪ घरजग्गा बहाल करलाई प्रगतिशील ढाँचामा निर्धारण गर्ने ।<br>▪ सबै भन्दा बढी कर र नियमित बुझाउनेलाई सम्मान गर्ने ।<br>▪ घर जग्गा बहाल कर सम्बन्धमा नागरिक सचेतना कार्यक्रम संचालन गर्ने ।<br>▪ घर भाडामा लगाए नलगाएको अनुगमन गर्ने । | आ.व. २०७८।७९ देखि निरन्तर | आर्थिक प्रशासन शाखा<br>सूचना प्रविधि शाखा<br>बडा कार्यालयहरु<br>राजश्व शाखा<br>राजश्व परामर्श समिति |
| व्यवसाय कर | ▪ सम्भाव्य व्यवसाय कर बुझाउने करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने ,<br>▪ अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने<br>▪ लगानी कारोबारको प्रकृति, कारोबारको परिमाणका आधारमा करको दर निर्धारण गर्ने ।<br>▪ आबस्याकता भए नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने एब नागरिक सचेतना कार्यक्रम संचालन गर्ने । | आ.व. २०७८।७९ देखि निरन्तर | आर्थिक विकास शाखा<br>राजस्व परामर्श समिति<br>वडा कार्यालय |
| जडिबुटी कर | ▪ जडिबुटी संकलन सम्वन्धी बिस्तृत संभाव्यता अध्ययन गर्ने ।<br>▪ संभाव्ता देखिएमा करका दरहरु तोक्ने ।<br>▪ कार्यबिधि स्विकृत गर्ने ,कार्यान्वयनमा ल्याउने ।<br>▪ जडिबुटी संकलन केन्द्रलाई व्यवस्थित गर्ने । | आ.व. २०७८।७९ मंसिर सम्म अध्ययन, म्घमा कार्यान्वयन, त्यसपछि निरन्तर | आर्थिक विकास शाखा<br>राजस्व परामर्श समिति<br>वडा कार्यालय |
| विज्ञापन कर | ▪ गाँउपालिकामा विद्यमान विज्ञापन सामग्री र सम्बन्धित विषयमा अध्ययन गर्ने<br>▪ विज्ञापन कर सम्वन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>▪ अनुगमनलाई प्रभावकारी बनाउने । | आ.व. २०७८।७९ मा अध्ययन गर्ने तथा आ.व. २०७९।८० देखि कार्यान्वयनमा ल्याउने । | राजस्व शाखा<br>राजस्व परामर्श समिति |
| स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री | ▪ सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने<br>▪ प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने । | २०७८ मंसिर मसान्त सम्म | वातावरण शाखा<br>राजस्व शाख |
| | **<u>संभब देखिएमा</u>**<br>▪ बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने<br>▪ बिक्रीका लागि ठेक्का कायम गर्ने ।<br>▪ ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको उत्खनन्, ओसारपसार सम्बन्धी कार्यविधि तर्जुमा गर्ने ।<br>▪ कानुन विपरित काम गर्ने ठेकदार/उपभोक्ता समितिहरुलाई कारबाही गर्ने | २०७८ चैत्र मसान्त सम्म सबै बन्दोबस्त मिलाई आ.ब २०७९/८० देखि कार्यान्वयन गर्ने । | राजस्व शाखा,<br>राजस्व परामर्श समिति,<br>कार्यपालिका,<br>प्रमुख प्रशासकिय अधिकृत |
| | ▪ संकलन तथा ओसारपसार कार्यको नियमित अनुगमन गर्ने । | नियमित | अनुमगन समिति |

| | | | |
|---|---|---|---|
| | ▪ अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने । | | |
| नक्सापास दस्तुर | ▪ भवनहरुलाई आवासीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने ।<br>▪ वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने<br>▪ बिगतमा निर्माण समपन्न भएका घरहरुलाई समेत सुचिकृत गर्ने । सोकोलागि ऐनमा ब्यबस्था गर्ने ।<br>▪ नया निर्माणहुने तथा बिगतमा निर्माण भएका पक्की घरहरुलाई (आरसिसि) नक्सापास अनिवार्य गर्ने । | आ.व. २०७८ असार मसान्त पछि निरन्तर | नक्सा शाखा वडा कार्यालय |
| सिफारिश तथा प्रमाणित दस्तुर | ▪ दरमा समसायिक परिमार्जन गर्ने । | २०७८।७९ देखि निरन्तर | -राजस्व शाखा, कार्यपालिका |

## ख) राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त सुझाबहरु बुँदागत रुपमा **राजस्व प्रशासन सूधार कार्ययोजनामा** समाबेश गरिएको छ ।

**तलिकाः राजस्व प्रशासन सूधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य | कहिले गर्ने | जिम्मेवार निकाय |
|---|---|---|---|
| नीतिगत व्यवस्था | ▪ वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गर्दै जाने ।<br>▪ प्रगतिशील करको दर, मूल्य र महत्वको आाधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गर्ने | २०७८ श्रावण देखि प्रत्येक वर्ष | राजस्व शाखा राजस्व परामर्श समिति |
| सांगठनिक संरचना | ▪ राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार गाँउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा अध्ययनको आधारमा कर्मचारीको व्यबस्थापन गर्ने ।<br>▪ कर्मचारीहरुको क्षमता बिकासमा ध्यान दिने । | २०७८ श्रावण देखि निरन्तर | **प्रशासन शाखा** |
| सेबाग्राही मैत्री पूर्वाधार तथा संरचना | ▪ सेवाग्राही मैत्री भौतिक संरचनाको व्यवस्थापन ( खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृह इत्यादी ।<br>▪ बिभिन्न माध्यम बाट सूचना प्रवाह गर्ने ।<br>▪ पहिले आउनेलाई पहिलो सेवा जस्ता कार्यक्रम लागु गर्ने । | २०७८ श्रावण देखि निरन्तर | राजस्व शाखा |
| आवश्यक भौतिक उपकरण /सामाग्रीको व्यबस्थापन | ▪ राजश्व संकलन सम्वन्धी कार्यकोलागि गाँउपालिका तथा वडा कार्यालयहरुमा आवश्यक कम्प्युटर, प्रिन्टर लगायत भौतिक समाग्री लगायत कार्यकक्षको व्यवस्था गर्ने ।<br>▪ अनिवार्य राजश्व सफ्टवेयरको प्रयोग ।<br>▪ राजश्वमा कार्यरत कर्मचारीहरुको क्षमता बिकासकालागि कार्यक्रमहरु संचालन गर्ने । | २०७८ श्रावण देखि निरन्तर | प्रशासन तथा जिन्सी शाखा सुचना प्रबिधि शाखा, राजस्व शाखा |
| राजस्व असुलीमा पारदर्शिता तथा जवाफदेहिता | ▪ नागरिक वडापत्रको व्यवस्था गर्ने ।<br>▪ समयानुकूल करमा अद्यावधिक गर्ने ।<br>▪ बिभिन्न माध्यमको प्रयोग गरी नियमित गाँउपालिकाको आम्दानी खर्चको सार्बजनिकिकरण गर्ने । | २०७८ श्रावण देखि निरन्तर | राजस्व शाखा आर्थिक प्रशासन शाखा, सुचना प्रबिधि शाखा, |

| | | | |
|---|---|---|---|
| करदाताको अभिलेखिकरण | ▪ विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने ।<br>▪ करदाताहरुको बिबरण सार्बजनिक गर्ने । | २०७८ श्रावण देखि निरन्तर | सुचना प्रबिधि शाखा, राजस्व शाखा |
| अनुगमन मूल्यांकन | ▪ अनुगमन समिति तथा राजश्व शाखा बाट गाँउपालिकाको राजश्व शाखा तथा वडा कार्यालयहरुको अनुगमन गर्ने ।<br>▪ करदाताहरुलाई करको महत्व बुझाउने ।<br>▪ करदाता बाट सुझाव संकलन गर्ने ।<br>▪ राजस्व चुहावट भए नभएको यकीन गर्ने ।<br>▪ चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने । | २०७८ श्रावण देखि निरन्तर | राजस्व शाखा<br>राजस्व परामर्श समिति<br>कार्यपालिकाका सदस्यहरु |

# परिच्छेद – ६
# आगामी तीन वर्षको आय प्रक्षेपण

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनालाई आधारमानी आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो। धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्नगई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

**तालिका : आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपणका आधारहरू**

| राजस्व तथा अनुदानका शिर्षकहरु | कुल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|
| सम्पत्ति कर | नगरिएको । | आगामी २ बर्षहरुलाई तैयारी बर्षको रुपमा उपयोग गर्ने र संभब भए तेश्रो बर्ष देखि कार्यान्वयन गर्ने । |
| भुमिकर (मालपोत) | ७००.०० | कुल सम्भाव्यताको शतप्रतिशत संकलन हुने र त्यस पश्चात् क्रमशः वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने |
| घर बहाल कर | १००.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको १०० प्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| जडिबुटी कर | ६५.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको ७५.०० प्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| व्यवसाय कर | २५०.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको ६० प्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| सबारी साधन कर | ०.०० | संभावना नभएकोले अनुमान नगरिएको । |
| अन्य बिक्रिबाट प्राप्त रकम | ३००.०० | बिगतको अनुमानको आधारमा गरिएको र १० प्रतिशतका दरले वृद्धि हुने आँकलन गरिएको । |
| नक्सापास दस्तुर | ५०.०० | पहिलो वर्षनै कुल सम्भाव्य आयको १०० प्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने |
| सिफारिश दस्तुर | ३००.०० | बिगतको आधारमा अनुमान गरिएको तथा प्रत्येक बर्ष १० प्रतिशतका दरले वृद्धि हुने । |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १००.०० | पहिलो वर्षनै कुल सम्भाव्य आयको ७० प्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने |
| नाता प्रमाणित दस्तुर | ४०.०० | बिगतको आधारमा अनुमान गरिएको तथा पलिो बर्षनै आयको शतप्रतिशत र त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |

| राजस्व तथा अनुदानका शिर्षकहरु | कुल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|
| अन्य दस्तुर | १००.०० | बिगतको आधारमा अनुमान गरिएको तथा पलिो बर्षनै आयको शतप्रतिशत त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ४००००.०० | आ.ब २०७७/७८ को रु ७१३९६०००। प्रस्ताब गरिएकोमा चैत्र मसान्तमा रु २७२२०१२३। मात्र प्राप्त भएकोले सो आधारमा अनुमान गरिएको तथा पहिलो बर्षनै आयको शत प्रतिशत त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १२००.०० | आ.ब २०७७/७८ का आधारमा अनुमान गरिएको, प्रत्येक बर्ष क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । |
| संघिय सरकारबाट प्राप्त हुने सर्ब अनुदानहरु आ.ब २०७७/७८ का आधारमा अनुमान गरिएको र प्रत्येक बर्ष क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने । | | |

### ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शिर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधारमानी गाँउपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार करका दर र दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाँउपालिकाको आय वृद्धि हुने देखिन्छ। आन्तरिक आय तर्फ आगामी आ.व.का लागि प्रक्षेपित आय चालु आ.ब. को प्रस्तावित आयभन्दा करिब २४.८२ प्रतिशतले कम भएतापनि आ.ब २०७६/७७ को आधारमा करिब १४५ प्रतिशतले बढी हो। गाँउपालिकाले बार्षिक कार्यत्रलममा बढी प्रस्ताब गर्ने तर संकलन गर्ने बखत ५० प्रतिशत पनि संकलन नगने गरेकोले यसतो हुन गएको हो। आगामी ३ बर्षकोलागि प्रक्षेपित आयको बिबरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**<u>तालिका चालू आ.व.२०७७/७८ को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण</u>**

| आय शिर्षक | ०७७/७८को प्रस्ताबित | आय प्रक्षेपण रु हजारमा | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| **क. आन्तरिक आय** | | | | |
| सम्पत्ति कर | ७००।०० | ०।०० | ०।०० | ०।०० |
| भुमिकर (मालपोत) | ३००।०० | ७००।०० | ७७०।०० | ८४७।०० |
| घर बहाल कर | १००।०० | १००।०० | ११०।०० | १२१।०० |
| ब्यवसाय कर | १००।०० | १५०।०० | १६५।०० | १८१।५० |
| सबारी साधन कर | ०।०० | ०।०० | ०।०० | ०।०० |
| अन्य कर | १००।०० | १००।०० | ११०।०० | १२१।०० |
| नक्सापास दस्तुर | ०।०० | ५०।०० | ५५।०० | ६०।५० |
| अन्य प्रशासनिक सेवा शुल्क | ८००।०० | ३००।०० | ३३०।०० | ३६३।०० |
| सिफारिश दस्तुर | ७००।०० | ५००।०० | ५५०।०० | ६०५।०० |
| ब्यक्तिगत घटना दर्ता दस्तुर | ०।०० | ६०।०० | ६६।०० | ७२।६० |
| नाता प्रमाणित दस्तुर | ०।०० | ७०।०० | ७७।०० | ८४।७० |

| आय शिर्षक | ०७७/७८को प्रस्तावित | आय प्रक्षेपण रु हजारमा | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| प्रशासनिक तथा न्याय दण्ड जरिवाना | १००।०० | ५०।०० | ५५।०० | ६०।५० |
| अन्य दस्तुर | ०।०० | १००।०० | ११०।०० | १२१।०० |
| **आन्तरिक आयको जम्मा** | २९००।०० | २१८०।०० | २३९८।०० | २६३७।८० |
| ख. राजश्व बाँडफाड बाट | | | | |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ७१३९६।०० | ४०००० | ४४०००।०० | ४८४००।०० |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | | | ०।०० | ०।०० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी कर | १०४८।०० | १२०० | १३२०।०० | १४५२।०० |
| राजश्व बाँडफाडको जम्मा | ७२४४४।०० | ४१२००।०० | ४५३२०।०० | ४९८५२।०० |
| **ग. संघिय सरकारबाट प्राप्त अनुदान** | | | | |
| समानिकरण अनुदान | ११७०१५।०० | १२८७१६।५० | १४१५८८।१५ | १५५७४६।९७ |
| शसर्त अनुदान चालु | २२७४८२।०० | २५०२३०।२० | २७५२५३।२२ | ३०२७७८।५४ |
| विषेश अनुदान चालु | १९०००।०० | २०९००।०० | २२९९०।०० | २५२८९।०० |
| समपुरक अनुदान | १३०००।०० | १४३००।०० | १५७३०।०० | १७३०३।०० |
| संघिय सरकारबाट प्राप्त अनुदान जम्मा | ३७६४९७।०० | ४१४१४६।७० | ४५५५६१।३७ | ५०१११७।५१ |
| **घ प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| समानिकरण अनुदान | ६९९७।०० | ७६९६।७० | ८४६६।३७ | ९३१३।०१ |
| शसर्त अनुदान चालु | ०।०० | १०००।०० | ११००।०० | १२१०।०० |
| विषेश अनुदान चालु | ६८००।०० | ७४८०।०० | ८२२८।०० | ९०५०।८० |
| समपुरक अनुदान पूँजीगत | १६२३३।०० | १७८५६।३० | १९६४१।९३ | २१६०६।१२ |
| प्रदेश सरकारबाट प्राप्त अनुदान जम्मा | ३००३०।०० | ३४०३३।०० | ३७४३६।३० | ४११७९।९३ |
| संघ तथा प्रदेश बाट प्राप्त जम्मा | ४७८९७१।०० | ४८९३७९।७० | ५३८३१७६७ | ५९२१४९।४४ |
| **कुल जम्मा** | ४८१८७१।०० | ४९१५५९।७० | ५४०७१५।६७ | ५९४७८७२४ |

# परिच्छेद – ७
# निष्कर्ष तथा सुझाव

राजश्व अध्ययन तथा सुधार कार्ययोजनाको निर्माणकोलागि राजश्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड निश्चित भएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ ।संघिय सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँडको रकमको मध्ये हाल सम्म प्राप्त भैरहेको केवल मूल्य अभिबृद्धि कर एवं अन्तःशुल्क मात्र समावेश गरिएको छ भने प्रदेश सरकार बाट प्राप्तहुने सवारी साधन शुल्क समाबेस गरिएको छ ।

प्रस्तुत विवरण अनुसार खप्तड छेडेदह गाँउपालिकाको आन्तरिक आय २०७७/७८ मा २९ लाख अनुमान गरिएकोमा २०७७ चैत्र मसान्त सम्मको जम्मा रु **१५३३२५।– मा**त्र संकलन भएको तथा गत आ.ब २०७६/७७ को बास्तबिक आय रु ८८८५३०।- मात्र संकलन भएकोले यसलाई समेत आधारमानी आ.ब २०७८/७९ मा रु २१ लाख ८० हजार, आ.ब २०७९/८० मा रु २३ लाख ९८ हजार र आ.ब २०८०/८१ मा रु २६ लाख ३८ हजार हुने अनुमान गरिएको छ । यो रकम संकलन गर्न गाँउपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा ब्यापक परिवर्तन गर्न आवश्यक देखिन्छ ।

**तालिका : त्रिबेणी नगरपालिकाको प्रक्षेपित आय संरचना**

| क्र.स | राजश्व तथा अनूदान शिर्षक | आ.ब ७७.७८को अनुमान | प्रक्षेपित आय रु हजारमा | | |
|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १ | आन्तरीक आय | २९००।०० | २१८०।०० | २३९८।०० | २६३७८० |
| २ | संघिय सरकार बाट राजश्व बाँडफाँडमा प्राप्त आय | ७१३९६।०० | ४००००।०० | ४४०००।०० | ४८४००।०० |
| ३ | प्रदेश सरकार बाट राजश्व बाँडफाँडमा प्राप्त आय | १०४८।०० | १२००।०० | १३२०।०० | १४५२।०० |
| ४ | संघ तथा प्रदेश सरकार बाट प्राप्त अनुदानहरु | ४०६५२७।०० | ४४८१७९।७० | ४९२९९७६७ | ५४२२९७४४ |
| | **कुल जम्मा (१+२+३+४)** | ४८१८७१।०० | ४९१५५९।७० | ५४०७१५।६७ | ५९४७८७२४ |

खप्तड छेडेदह गाँउपालिकाले आगामी दिनहरुमा राजश्व संकलन बृद्धिकालागि तपसिलका बुदाहरुमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

- **राजश्व परामर्श समितिको सकृयतामा बृद्धि**
  बर्तमान अबस्थामा राजश्व परामर्श समिति करिब निस्कृय रहेकोमा आगामि दिनहरुमा राजश्व सम्वन्धी निति तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा परिचालित हुनुपर्ने देखिन्छ । यसकोलागि गाँउपालिकाबाट आवश्यक बजेटको ब्यवस्था हुनु आवश्यक छ ।
- राजश्वको शिर्षकगत आय तथा व्यय अनुमान गर्ने तथा नियमित रुपमा संकलनको अनुगमन गर्ने ।
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण र जरिवाना निर्धारण गर्दा बैज्ञानिकतामा आधारित हुनुपर्ने ।
- राजश्व शाखाको सुदृढिकरण - स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवश्यक जनशक्तिको ब्यवस्था गरिनुपर्ने । साथै गाँउपालिका तथा वडाकार्यालयहरु बाट सम्पादन गरिने राजश्व संकलन सम्वन्धी काममा पारदर्शिता हुनुपर्ने ।
- वडा कार्यालयमा स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवश्यक जनशक्तिको ब्यवस्था गरी राजश्व संकलनमा समन्वय तथा नियमित प्रतिवेदनको ब्यवस्था गर्नुपर्ने ।
- राजश्वमा कार्यरत कर्मचारीहरुको क्षमता बिकास गर्नुपर्ने ।

खप्तड छेडेदह गाँउपालिकाको राजश्व सुधार कार्ययोजनाले आगामी दिनहरुमा राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी स्रोत अनुमान तथा वजेट सिमा निर्धारण गर्न सहयोग पुऱ्याउने छ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको

तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ ।

यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि कार्यालय तहमा, राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः, कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः तथा वाह्य अनुगमन तथा मूल्यांकनको ब्यवस्था गरिनु पर्दछ ।

**कार्यालय स्तरमा** प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । गाँउपालिकाले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**राजश्व परामर्श समितिले** चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने गर्नुपर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने ब्यबस्था हुनु आवश्यक छ ॥ छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय समेत गर्न सकिने छ ।

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय बाट समेत हुनसक्ने छ । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा समेत विकास हुने अपेक्षा गरिन्छ । साथै गाँउपालिकाले प्रत्येक बर्ष कार्ययोजनाको समिक्षा गर्न सक्ने र सहजिकरणकोलागि स्वतन्त्र बिज्ञहरुको सहयोग लिन सकिने छ ।

## कार्यक्रममा तस्विरहरु

| | |
|---|---|
| | |
| | |

## अनुसुचि १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- केही नेपाल संसोधन ऐन, २०७५
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वगीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनक , २०७६ र २०७७
- खप्तड छेडेदह गाउंपालिकाको नीति तथा कार्ययोजना २०७७
- खप्तड छेडेदह गाउंपालिकाको वस्तुगत विवरण,
- खप्तड छेडेदह गाउंपालिकाको विभिन्न आर्थिक वर्षहरूको नगर विकास योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- गउंपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना २०७६

# अनुसुचि २ : तथ्यांक संकलन सूची

**अनुसूची २.२ तथ्यांक संकलन सूची**

नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः

- संक्षिप्त परिचय :
  - नामांकरण,
  - घरधुरी तथा जनसंख्या
  - क्षेत्रफल तथा वडा विभाजन
  - प्रशिद्ध स्थलहरू
- मुख्य पूर्वाधारको अवस्था
  - सडक, बाटो, पुल
  - बिजुली
  - खानेपानी तथा सिंचाई
  - सावर्जनिक भवन तथा पूर्वाधारहरू
  - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था
  - उद्योग, व्यवसाय तथा कलकारखाना
  - मुख्य व्यापारिक केन्द्रहरू
  - प्राकृतिक तथा पर्यटकिय सम्पदा
- नगरपालिकाको संगठन तथा राजस्वप्रशासन :
  - हालको संगठन संरचना ( कर्मचारीहरूको विवरण

| क्र. सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- <u>भौतिक सुविधाहरू</u>
    - कार्यालयका भवनहरू
    - सवारी साधन
    - फर्निचर, कम्प्युटर, प्रिन्टर
- <u>राजस्व शाखा तथा राजस्व प्रशासन</u>
    - राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्वेवारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
    - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग,

- नगरपालिकाको आय (आन्तरि तथा वाह्य) सम्बन्धी विवरण:

  - विगत तीन आर्थिक वर्षहरू (२०७४/७५, ०७५/७६ र ०७६/७७) को यथार्थ आयविवरण
  - चालु आर्थिक वर्षको (२०७७/७८) को अनुमानीत/बजेट विवरण र चैत्र मसान्त सम्मको यथार्थ
  - चालु आर्थिक वर्षका लागि सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू अन्य दस्तावेज तथा सूचनाहरू

  - निर्वाचित पदाधिकारीहरूको विवरण

  - सभाले पारित गरेको आर्थिक ऐन

    - राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरू

  - पालिकाको बस्तुस्थिति विवरण (Profile)

  - राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरू

## तथ्यांक संकलन फारम

अनुसूची २.२

**<u>१. नगरपालिकाका आयका स्रोतहरू तथा हालको अवस्था</u>**

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | | | |
| | सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| ख. | अन्य राजस्व | | | |
| | ढुङ्गा, गिटट्ी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | | | |
| | ब्यक्तिगत घटना दर्ता शुल्क | | | |
| | वहाल विटौरी शुल्क | | | |
| | पार्किङ्ग शुल्क | | | |
| | अस्पताल संचालन | | | |
| | फोहरमैला ब्यवस्थापन शुल्क | | | |
| | स्थानीय खानेपानी महसुल | | | |
| | स्थानीय विद्युत महसुल | | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद | | | |

| | | | | |
|---|---|---|---|---|
| | सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीयपुवाधार तथा सेवामा सेवाशुल्क ‍खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | | | |
| | मूल्यांकन सेवा शुल्क | | | |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | | | |
| | ढुङ्गा, गिटट्ी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | | | |
| | दण्ड जरिवाना | | | |

२. नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा

| क.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्ग ा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जर गा | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

स्रोत :

३. नगरपालिकाको स्वमित्वमा रहेका भवन

| क.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्रोत :

४. करमा आधारित सूचनाहरू

क. सम्पत्ति कर सम्बन्धी विवरण

- नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..................
- आ.व. २०७६।७७ मा कर तिर्ने करदाता संख्या : ..................
- संकलित रकम : .................

ख. भवन सम्बन्धी विवरण

| क.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरू (नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्याम्पस आदी) | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरू | | | |
| ३ | आवासिय भवन/घरहरू | | | |
| ३.१ | कच्ची घरहरू (कच्चीजोडाई तथा छाना) | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका) | | | |
| ३.३ | पिलर सिस्टम नभएको पक्कि घर *(Without RCC Frame Structure)* | | | |
| ३.४ | पिलर सिस्टम भएको पक्कि घर *(With RCC Frame Structure)* | | | |
| जम्मा | | | | |

ग. जग्गा सम्बन्धी विवरण

| क.सं. | जग्गाको किसिम | अनुमानित क्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्य क्षेत्र | | | |
| जम्मा | | | | |

घ. सवारी साधन सम्बन्धी विवरण

- पालिकामा दर्ता भएकाजम्मा करदाता संख्या : ..................
- आ.व. २०७६।७७ मा कर तिर्ने करदाता संख्या : ..................
- संकलित रकम : .................

| क.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| | | | |
| जम्मा | | | |

ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण

नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..................

आ.व. २०७६।७७ मा कर तिर्ने करदाता संख्या : ..................

संकलित रकम : .................

| क.सं. | व्यापार व्यवसायको विवरण | सानालगानी | मझौला लगानी | ठूला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |
| २ | वित्तीय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |
| ३ | ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | | |
| ५ | अन्य ब्यवसायहरू | | | | |

च. खानीजन्य वस्तु विक्री तथा निकासी

| क.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरू | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|---|
| १ | | ढुङ्गा | | | |
| | | गिटट्ी | | | |
| | | स्लेट | | | |
| | | बालुवा | | | |
| | | दहत्तर वह्त्तर | | | |
| | | अन्य | | | |

छ. जडिबुटी, कवाडी र जिवजन्तु ब्यवसायिक उपयोग

| क.सं. | बस्तुहरू | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरू | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरू | | | |
| | | | | |
| ग. | जिव जन्तु | | | |
| | | | | |

ज. वहाल विटौरी

| क.सं. | सम्पत्तिहरू | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरू | | | |
| | | | | |
| ख. | मेसिनहरू | | | |
| | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | |
| | | | | |
| | | | | |

झ. नगरपालीकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

| क.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | हाट बजार | | | | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाह गृह | | | | |
| १९ | बसपार्क | | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | | | | |
| २१ | सिफारिश तथा प्रमाणित | | | | |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | | |
| २३ | मूल्यांकन सेवा शुल्क | | | | |
| २४ | नक्सापास | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**विगत तीन आर्थिक वर्षहरुको यथार्थ तथा यस बर्षको अनुमानित आय विवरण**

| राजश्व संकेत | राजस्व शिर्षक | यथार्थ रु हजारमा | | | २०७७/७८ को प्रस्तावित |
|---|---|---|---|---|---|
| | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | |
| ११३१३ | सम्पति कर | | | | |
| ११३१४ | भूमिकर(मालपोत) | | | | |
| ११३२१ | घरजग्गा वहाल कर | | | | |
| ११३२२ | वहाल विटौरी कर | | | | |
| १४६११ | ब्यवसाय कर | | | | |
| ११४५१ | सवारी साधन कर | | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर *(संघ सरकार राजस्श बाँडफाँड)* | | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क *(संघ सरकार राजस्श बाँडफाँड)* | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर (प्रदेश बाँडफाँड) | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | |
| ११६११ | व्यवसायीले भुक्तानी गर्ने (जडिबुटी तथा कवाडी कर) | | | | |
| ११६९१ | अन्य कर | | | | |
| **१३०००** | **अनुदान** | | | | |
| १३३११ | समानिकरण अनुदान | | | | |
| १३३१२ | शसर्त अनुदान चालु | | | | |

| राजश्व संकेत | राजस्व शिर्षक | यथार्थ रु हजारमा | | | २०७७/७८ को प्रस्तावित |
|---|---|---|---|---|---|
| | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | | |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | |
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा)* | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान *(सडक बोर्ड नेपाल)* | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(लागत सहभागिता)* | | | | |
| **१४०००** | **अन्य राजश्व** | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय (टिपर, जे.सि.वि, पसल घर आदी) | | | | |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी (संघीय बाँडफाँड) | | | | |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी (संघीय बाँडफाँड) | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | |

| राजश्व संकेत | राजस्व शिर्षक | यथार्थ रु हजारमा | | | २०७७/७८ को प्रस्तावित |
|---|---|---|---|---|---|
| | | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | |
| १४२४२ | नक्सापास दस्तुर | | | | |
| १४२४३ | सिफारिश दस्तुर | | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १४२४९ | अन्य दस्तुर | | | | |
| १४३१३ | धरौटी सदरस्याहा | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | |
| **१५०००** | **विविध प्राप्ती** | | | | |
| १५१११ | बेरुजु | | | | |
| १५११२ | निकासा फिर्ता | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | |
| | जम्मा राजश्व तथा अनुदान | | | | |

**राजश्व प्रशासनको वर्तमान अवस्था** .....

| क्र.स | क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|---|
| क) | संगठनात्मक व्यवस्था | | |
| १ | राजश्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | | |
| २ | राजश्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | | |
| ३ | राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | | |
| ४ | कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | | |
| ५ | कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | | |
| ६ | सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | | |
| ७ | कर्मचारीको राजस्व परिचालनमा क्षमता विकासको लागि के गरिएको छ ? | | |
| ८ | राजस्व संकलन लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | | |
| ख | राजश्व प्रशासन संचालनको अवस्था | | |

| | | | |
|---|---|---|---|
| १ | करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने– सम्पत्ति, व्यवसाय, सवारी साधन, वहाल आदि | | |
| २ | स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण र सोको परिचालन कस्तो छ ? | | |
| ३ | कर निर्धारणको लागि सम्पत्ति वा आय वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | | |
| ४ | चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रण कस्तो छ ? | | |
| ५ | व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | | |
| ६ | समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | | |
| ७ | करदाताहरुलाईकर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ ? | | |
| ८ | निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा उजुरी गर्नेसक्ने व्यवस्थो कस्तो छ ? | | |
| ग | सूचना तथा समन्वयको अवस्था | | |
| १ | करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक | | |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम, प्रचार प्रसार, बेव साईट आदि) | | |
| २ | करको दर निर्धारण तथा समिक्षामा सरोकारपक्षहरुको सहभागीता कस्तो छ ? | | |
| ३ | राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | | |
| ४ | राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | | |
| ५ | आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | | |
| ६ | आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | | |
| ७ | आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | | |

# कार्यक्रमको उपस्थिति

आज मिति २०७८ साल असार ८ गतेका दिन यस खत्याड गाउँपालिका वडा नं १ को राजस्व सुधार योजना तर्जुमा कार्यशाला तपसिल को उपस्थितिमा सम्पन्न गरियो।

<u>उपस्थिति</u>

१. श्री मान बहादुर रावत, गा०पा० अध्यक्ष
२. श्री कुन्ती स्याउँद बुढा " उपाध्यक्ष
३. श्री केशव राज जोशी प्र०प्र०अ०
४. श्री कुमार नाथ योगी वडा अध्यक्ष - ६
५. श्री हर्क ब० रावत " " - ४
६. श्री हर्क ब० रावत " " - ५
७. श्री रत्नी दमाई कार्यपालिका सदस्य
८. श्री धार्मा बुढा रावत " "
९. श्री किडी सार्की " "
१०. श्री लाल ब० रोकाया वडा सदस्य - ७
११. श्री लक्ष्मण प्रसाद पन्त ले०अ०
१२. श्री जगत प्रसाद ढकाल प्रा०स०प्र०
१३. श्री अमर ब० माझी लेखा प्रमुख
१४. श्री भीम ब० नेपाली कार्यपालिका सदस्य
१५. श्री मीरा जोशी सू०प्र०अ०
१६. श्री हिम्मत ब० थापा स्टोर शाखा प्रमुख
१७. श्री झंक क. बुढा सहजकर्ता
१८. श्री ललित नगरी सहजकर्ता

Scanned with CamScanner